जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- २७, २०७८ साल माघ १८ गते मंगलबार (Feb 1, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# देशले मागेको छ परिवर्तन स्वार्थमा छन् दलहरु

**मोहन कार्की ।**

नेपाल देशका हरेक क्षेत्रमा समस्याको चाङ सगरमाथाको चुली जस्तै चुलिदै गएको छ । सुन्दर, शान्त, हरियाली, मेहनती जनता भएको नेपालमा असल नेपालीहरुले आफ्नो जन्मभूमि नेपाललाई विकास गरेर स्वर्ग नै यहि हो भन्ने सोच राखेर काम गर्न चाहन्छन् ।

त्यस्ता योग्य, दक्ष, सक्षम विज्ञहरु नेपालका छन् । उनीहरुको योजना देशलाई प्रचुर आधुनिक नेपाल बनाउने छ । त्यो भनेको आमुल परिवर्तन अर्थात बुद्धि र विवेकद्धारा हरेक क्षेत्रमा नेपाल देशको विकास र काम गरिरहने मौरीको जस्तो मेहनत नेपाली जनताले गदै आएका छन् । चाहे त्यो विदेशी भूमिमा गएर होस वा नेपाल देशमा रहेर किन नहोस् ।

तर यी धेरै जसो इमानदार जनताको मेहनतलाई राजनीतिका पार्टीहरु खोलेर शासन सत्ता हातमा लिने सिमित मानिसहरुले नेपाल देशको हित बिरुद्ध, नेपाली जनताको इच्छा र चाहनाभन्दा बाहिर गएर गर्ने गरेका कामले नेपालको उल्लेखिय परिवर्तन हुन सकेको छैन ।

यसमा राजनीतिक दलहरुको आफ्नो स्वार्थले काम गर्ने गरेको देखिन्छ । राजनीतिक दलहरुले देश



र जनताको लागि भनेपनि व्यवहारमा त्यो देखिदैन ।

नेपालको राजनीतिक परिवर्तनको लागि भनेर स्थापना गरेको सन् १९९३ प्रजापरिषदको उदयसँगै जनताले परिवर्तन खोजेका थिए ।

त्यो परिवर्तन सिमित राणा शासन भन्दा फरक खुल्ला ढंङगबाट नेपालको प्रचुर विकास गर्ने लक्ष्य त्यति बेलाका नेतृत्व गर्नेहरुले बताएका थिए । उनीहरुको दस्तावेजमा पनि सवै क्षेत्रलाई समेटेर नेपालको प्रचुर विकास गर्ने लक्ष्य रहेको देखिन्छ । त्यति नै बेला अर्थात सन् १९९७ मा होनाहार ४ जना परिवर्तनका नेतृत्वकर्तारुलाई फाँसी दिएर शहिदसमेत बनाएका थिए । मान्छेलाई फाँसी चढाउनेसम्मका कार्यहरु तत्कालीन त्यति बेलाको सत्ताले गरेको भएपनि समाज परिवर्तन, देशको विकासको आशा राखेर नेपालमा धेरै खालका आन्दोलन भएका छन् ।

बि.स.२००७ सालमा त्रिपक्षिय सम्झौतालाई राजनीतिक परिवर्तन नाम दिएको थियो । त्यो परिवर्तनको लगतै देश विकासका कुराहरु केही भएका देखिदैनन् । बरु लगतै २०११ सालमा कोशी सम्झौता, २०१६ सालमा गण्डक सम्झौता भएका छन् । जसले नेपालले परिपर्वनको नाममा आफ्नो जलस्रोतमाथिको अधिकार गुमाएको छ । यो काम राजनीतिक पार्टीहरुले आफु प्रधानमन्त्री, मन्त्री बन्ने सस्तो लालाच बोकेर देशप्रति गरेको सबैभन्दा धिनलाग्दो असमान सन्धिहरु गरेर देशलाई परिर्वतन होइन उदोगति लगाएका देखिन्छन् । राजनीतिक दलहरुको स्वार्थ यसरी प्रमाणित भएका छन् ।

२०१७ सालमा राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिइसकेपछि राणाकालीन शासनकालमा अलि अलि भएका उद्योगहरु त्रिपक्षीय सम्झौता पछि बन्द भएका देशका उद्योगहरु पुन: सञ्चालन गरेर धेरै खालका उद्योग कलकारखाना स्थपाना गरेका देखिन्छ । नेपालमा पढाइने बाँकी ६ पृष्ठमा

# एमसीसी पास गर्न अनेकौं चलखेल

काठमाडौं । एमसीसीले राजनीतिलाई नयाँ मोडमा लाने निश्चितप्राय: भएको छ । एमसीसीबारे सत्ता गठबन्धनभित्र सहमति नभए नयाँ घटनाक्रम विकास हुने भएको हो । त्यतिबेला गठबन्धन टुट्ने देखि सभामुख अग्निप्रसाद सापकोटाविरुद्ध महाभियोगको प्रस्ताव सम्म दर्ता हुनसक्छ । विश्वस्त स्रोतका अनुसार एमसीसी निर्णयार्थ प्रतिनिधि सभामा प्रस्तुत गर्न प्रधानमन्त्री देउवा




तयार भइसकेका छन् । माओवादी एमसीसी पारित गर्ने पक्षमा नदेखिए सभामुखले टेबुल नगर्ने सम्भावना पनि देखिएको छ । त्यतिबेला सभामुखलाई हटाउन महाभियोगको प्रस्तावसहित तयारी भएको बुझिएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सभामुख सापकोटालाई हटाउन चाहन्छन् । एमालेका नेताहरुले सापकोटाको बर्हिगमनको माग सार्वजनिक रुपमा गरिसकेका छन् । एमाले नेता प्रदीप ज्ञवालीले बाँकी ६ पृष्ठमा

# देउवा र ओली एमसीसी पास गर्न ज्यान फालेर लागेका छन् : चित्रबहादुर केसी

काठमाडौं । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले आगामी निर्वाचनमा नेपाली कांग्रेसले गठबन्धन गरेन भने पनि आफ्नो पार्टी रुनेवाला नभएको बताएका छन् ।



केसीले भने, हामी जितहारको हिसाबले राजनीति गर्दैनौं । कसको आड लागेर चुनाव जितित्छ भने राष्ट्रिय जनमोर्चा बनेको पनि होइन । चुनाव जितेकाले के के उत्पात गरेका छन् र ? कांग्रेसका सबैले गठबन्धन गर्नुपर्दैन भनेका छैनन् । कांग्रेसले गठबन्धन गरेन भने पनि हामी रुनेवाला छैनौं । २०७४ मा एक्लै गएको कांग्रेसले २३ सिटमा खुम्चिएको किन बिर्सिएको हो ?

केपी ओलीको प्रतिगमनलाई घाटमा पुर्याउनका लागि गठबन्धन बनेको औंल्याउँदै नेता केसीले यसको निरन्तरता आवश्यक रहेको औंल्याए । उनले थपे, सबै कुरा मिलेर गठबन्धन भएको होइन । गठबन्धन ओलीको प्रतिगमनलाई घाटमा पुर्याउन बनेको हो । यसले प्रतिगमनलाई धुलो चटाएको छ । अहिले पनि ओलीले धुन्धुकारी प्रवृत्ति छाडेका छैनन् । संसद् चल्न दिएका छैनन्, भाँडभैलो गरिरहेका छन् । त्यसैले गठबन्धनको औचित्य सकिएको छैन ।

उनले अमेरिकाले यहाँका नेताहरुको घोक्रो हात राखेर एमसीसी पास गराउन खोजेको आरोप पनि लगाए । उनले थपे, अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवामात्र होइन, पहिलेका प्रधानमन्त्री खड्गप्रसाद ओली पनि एमसीसी पास गर्न ज्यान फालेर लागेका थिए । चीनविरोधी गठबन्धनमा नेपाललाई सामेल गर्ने षड्यन्त्र हामीले बुझेका छौं । नेपाल राष्ट्र ठूलो हो कि गठबन्धन ? यतिको जनआक्रोश हुँदाहुँदै अमेरिकाले यहाँका नेताहरुको घोक्रोमा हात लगाइरहेको बाँकी ६ पृष्ठमा

# पर्वतारोहण संघद्वारा कुष्ट रोगीलाई न्यायो कपडा र स्वास्थ्य सामाग्री वितरण

काठमाडौं । नेपाल पर्वतारोहण संघले कुष्ट रोगबाट ग्रसित दुई सय जना व्यक्तिहरुलाई न्यानो कपडा र स्वास्थ्य सामाग्री वितरण गरेको छ ।



एनएमएले जापानको द निप्पोन फाउण्डेशनको आर्थिक सहयोगमा सञ्चालन गरिरहेको परियोजना अन्तर्गत दक्षिणकाली नगरपालिका वडा नम्बर २ स्थित खोकना आरोग्य आश्रममा रहेका कुष्ट रोगबाट ग्रसित दुई सय जना व्यक्तिहरुलाई सहयोग गरेको हो ।

आश्रममा रहेको प्रत्येक व्यक्तिले ज्याकेट एक थान, डवल साइजको एक थान ब्लाङ्केट, दुई सय ३६ एमएलको एक बोतल स्यानिटाइजर, दुई वटा डिट्टोल साबुन र पचास पिसको एक प्याकेट मास्क प्राप्त गरेका छन् । दक्षिणकालि बाँकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

### जनगणनाको नतिजाले प्रष्ट पार्न नसकेको पहाडी जिल्लाको अन्यौलको जवाफ खोई

**२०७८ को जनगणनाको सम्पूर्ण गृहकार्य गरेर प्रारम्भिक नतिजा प्रकाशन गरेको केन्द्रीय तथ्याङ्क विभागको नतिजाप्रति केही पहाडी जिल्लाहरुको संख्या नमिलेको भनेर सर्वसाधरणले गुनासो गरेका छन् । २०७८ सालको जनगणनाको नतिजा प्रकाशन भएको रामेछापको जनसंख्या १७०,६२० रहेको छ । २०६८ सालमा रामेछापको जनसंख्या २ लाख २ हजार ६४६ थियो । १० वर्षमा ३२ हजार जनसंख्या घटेको देखिएको छ । उक्त संख्यालाई प्रतिशतमा तथ्याङ्क विभागले (१.६५ भएको देखाएको छ ।**

**रामेछापमा यसरी जनसंख्या ऋणात्मक हुनु विविध कारण पक्कै छ । तर भुगोलको आधारमा हेर्ने हो भने केही भूभाग हिमाली केही पहाडी र थोरै मात्र समथर भएको रामेछापमा जिल्लाबाट धेरै मानिसहरु अन्यत्र काम गर्न गएको बिषयलाई सवैभन्दा कारकको रुपमा मान्न सकिने आधार बढी छ ।**

**त्यसैकारण पनि यसबर्ष जहाँ बसोवास गरिरहेको हो त्यहीबाट संख्या टिपाउने तरिका अपनाइएको थियो । कहीं नछुटुन कोही नदोहोरिउन भन्ने नाराका साथ जनगणना भएको थियो । विविध कारणले गर्दा जनसंख्या ऋणात्मक भएको भएपनि कतिपय विवरणहरु भने केन्द्रीय तथ्याङ्क विभागले खटाएका कर्मचारीहरुको विवरण लिने तरिकामा कमजोरी भएको हो की भन्ने कतिपय रामेछापका मानिसहरुको भनाई जिल्लाको सदरमुकाम मन्थली आसपासका क्षेत्रमा मानिसहरुले कुरा गरेको सुन्निन थालेको छ ।**

**रामेछापका कतिपय सर्वसाधरणहरुले आफ्नो विवरण छुटेको सामाजिक सञ्जालमा पोष्ट समेत गरेका छन् ।**

**हुन त जनगणना गर्दा जे विवरण छ । त्यो विवरण भन्दा कसैले विरोध गरेर बढाउन सकिदैन । तर भएको विवरण छुट्यो भने तथ्याङ्क बिभागले जनगणना जुन उद्देश्यका लागि गरिएको हो त्यो लक्ष्य प्रप्त गर्न सक्दैन । राष्ट्रिय योजना आयोग अर्न्तगत राष्ट्रको विकासका लागि जनसंख्या, भुगोल, र त्यहाको अवस्था हेरेर राष्ट्रको नीति बनाउन नेपालमा प्रत्येक १० बर्षमा जनगणना गर्ने गरिएको छ । तर कतिपय विवरणहरु सही आएनान भने राष्ट्रको नीति नै भोलिका दिनमा फेल हुन सक्छ । यता तिर ध्यान दिएर काम गर्न सम्बन्धित निकायको ध्यानकर्षण हुनैपर्छ ।**

**त्यस्तो कमजोरी भएको हो भने केन्द्रीय तथ्याङ्क विभागले तुरुन्तै जवाफ दिनुपर्छ । यदि कमजोरी भएको होइन भने तथ्याङ्क तथ्यमा आधारित हो भन्ने प्रमाण रामेछापका छुट्यौ भन्ने जनतालाई नबुझेर त्यसो भनेका रहेछन् भने उनिहरुले बुझ्ने गरी तथ्याङ्क बिभागले बझाई दिनुपर्छ । त्याहाका जनताले भनेको जस्तै तथ्याङ्क विभागले कमाजोरी गरेर तथ्याङ्क लिने तरिकामा समस्या आएको रहेछ भने पुनः जनगणना गर्न ढिलो गरिनुहुन्न ।**

**किनकी केन्द्रीय तथ्याङ्क विभागले ३ महिना लगायर कलेक्शन गरेर जनगणना सार्वजानिक गर्दा ३ हजारसम्म तलमाथि हुनसक्ने भनेर उल्लेख गरेको छ । त्यो ३ हजार तलमाथि भनेको ठाउँमा रामेछापको जनसंख्या र गयको २०७४ सालमा प्रतिनिधिसभा सदस्यको लागि भएको निर्वाचनमा प्रकाशित जनसंख्या भन्दा कम देखाउछ । भने अर्कोतर्फ गएको मतदाता संख्या भन्दा अहिले १०००० हजारको हाराहारीमा मतदाता संख्या बृद्धि भएको पनि जिल्ला प्रशासन कार्यलयको रेकर्डले देखाउछ । यी माथिका आधारहरुलाई मान्दा २०७८ सालको जनगणनामा रामेछापको विषयमा त्रुटी भएको हो की भन्ने आशंका बढेर गएको छ । यदि त्यस्ता त्रुटी भएका रहेछन् भने तत्कालको तत्कालै रामेछापमा फास्ट ट्याकबाट संवेदनशील भई केन्द्रीय तथ्याङ्क बिभागले जनगणना गर्न योग्य गणकहरु पठाएर काम गर्नुको बिकल्प देखिदैन ।**

**यसरी सत्य तथ्य के हो नआउनजेलसम्म रामेछाप जिल्लाको जनगणनाको बिषयमा शंका र अन्यौलता रहिरहने देखिन्छ । त्यसकारण केन्द्रीय तथ्याङ्क बिभागले यसको जवाफ छिटोभन्दा छिटो ति छुट्यौ भन्ने रामेछापका जनतालाई देओस् ।**

# सञ्चार विधाको विपश्चिमीकरण

डा. निर्मलमणि अधिकारी

नेपालमा सञ्चार विधाको औपचारिक एवं विशिष्टकृत पठनपाठन विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मै भइरहेको छ । अन्य विधाभित्र संसारमा यो विधाको पठनपाठन सञ्चार, सञ्चार अध्ययन, आमसञ्चार, मिडिया अध्ययन, पत्रकारिता वा अन्य कुनै मिल्दाजुल्दा संज्ञा दिएर गराइन्छ । नेपालमा आमसञ्चार र पत्रकारिता शब्दावली बढी प्रचलित देखिन्छन् । छिमेकी देश भारतमा जनसञ्चार भन्ने गरिन्छ । सञ्चार विधाको इतिहास लेख्नेहरूले यसको प्राचीनता र अभिनवताको द्वैधपूर्ण अवस्थालाई उल्लेख गर्ने गरेका छन् । स्रोत सामग्रीहरूलाई हेर्ने हो भने यो निकै प्राचीन विधा हो भने आधुनिक औपचारिक विधाका रूपमा यो अभिनव (नयाँ) हो । विश्वविद्यालयका पाठ्यक्रममा पृथक् औपचारिक विधाका हैसियतमा यसको पहिचान र मान्यता दोस्रो विश्वयुद्ध लगत्तैजसो संयुक्त राज्य अमेरिकामा प्रारम्भ भएको मानिन्छ । यद्यपि सञ्चार चिन्तन वा सिद्धान्तीकरणको प्रारम्भ धेरै पहिल्यै भएको थियो ।

कसरी सञ्चारले काम गर्छ र आफ्नो सञ्चार कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा मानिसले पाँच हजार वर्षभन्दा अगाडिको बखतमा समेत जान्न चाहेका कुरामध्ये एक थियो भनिन्छ । त्यसैले स्वाभाविकै हो( सञ्चार चिन्तनको जरो खोज्दा प्राच्य र पाश्चात्य दुवै परम्परामा भेटेसम्म पुरानो स्रोतमा पुग्ने प्रवृत्ति देखिन्छ । वेद वाङ्मयमा वाणी, मुहार भाव, प्रतीक चिह्न आदिबारे समृद्ध चिन्तन पाइन्छ । शब्दका चार तह (चत्वारि वाक) सम्मको विशिष्ट ज्ञान वेदमा समावेश देखिन्छ । संस्कृतमा नाट्यशास्त्र र वाक्यपदीयका साथसाथै दर्शन, काव्यशास्त्र तथा अन्य विधाका अनेकौँ ग्रन्थहरूमा आजको दृष्टिबिन्दुबाट सञ्चार सिद्धान्त सम्बद्ध अन्तर्वस्तु पाइन्छ । इजिप्टमा इ.पू. २६७५ तिर सञ्चारसम्बन्धी पहिलो पुस्तक लेखिएको र इ.पू. पाँच सय वर्षतिर प्राचीन ग्रीस र रोममा सञ्चारको व्यवस्थित बौद्धिक चिन्तन विकास भएको तथ्य इतिहासकारहरूले उजागर गरेका छन् । पाँचौं शताब्दी इ.पू.मा लेखिएका कोराक्स र टिसियासका वाक्कलात्मक (अभिप्रेरणात्मक) सञ्चारबारेका कृति त्यसभन्दा एक/डेढ शताब्दीपछि अरस्तुद्वारा लिखित कृति (रेटोरिक) लाई पाश्चात्य सञ्चार सिद्धान्तको इतिहासमा विशेष उल्लेख्य मानिन्छ ।

यसरी सञ्चार विधाको प्राचीनताको आधार पूर्व र पश्चिम दुवैतिर रहेको देखिन्छ । तथापि विश्वविद्यालयमा पठनपाठन हुने र शैक्षिक उपाधि प्रदान गरिने औपचारिक विधाको हैसियतमा सञ्चारलाई संस्थानीकरण गरिएको एक शताब्दी पनि बितेको छैन । अङ्ग्रेजी भाषामा 'सञ्चारसिद्धान्त' जनाउने शब्दावली सन् १९४० को दशकभन्दा अगाडि व्यापक प्रयोगमा रहेको देखिँदैन । अमेरिकामा पत्रकारिताजस्ता प्रायोगिक विषयहरू इसवीय बीसौँ शताब्दीको सुरुवाती समयमा विश्वविद्यालयमा स्थापित गरिएको तर 'सञ्चार' अन्तर्गत राखी अध्ययन भने दोस्रो विश्वयुद्धपश्चात् हुन थालेको देखिन्छ । विल्बुर स्रामलाई सञ्चार अध्ययनको क्षेत्रको संस्थापक तथा मिसिगन स्टेट युनिभर्सिटीको सञ्चार विभागलाई सं.रा. अमेरिकामा सञ्चार अध्ययनको निम्ति बीज संस्था भनी उल्लेख गरेको पाइन्छ ।

अमेरिकाका विश्वविद्यालयहरूले आमसञ्चार अध्ययनमा शैक्षिक कार्यक्रम सुरु गरेपछि सञ्चारको अध्ययन एक विधाका रूपमा हुन थाल्यो । रोचक तथ्य के हो भने विश्वविद्यालयमा आफ्नो विधा संस्थानीकृत भएको केही वर्षमै सञ्चारविद्हरूले यो निकै प्राचीन विधा हो भन्ने दाबी र पुष्टीकरणको प्रयास गर्न सुरु गरिहाले । स्रोत सामग्रीहरूको प्राचीनताले नै उनीहरूलाई त्यस्तो आधार दिएको थियो । अमेरिकामा सञ्चारको बृहत्तर दायरामा पर्ने विषयवस्तुलाई सञ्चारसिद्धान्त, सञ्चार अध्ययन, मिडिया अध्ययन, आमसञ्चार, पत्रकारिता आदि विशिष्टकृत पृथक्करण सहित पठनपाठन गर्ने गरेको र युरोपमा चाहिँ मिडिया अध्ययन (मिडिया स्टडिज) संज्ञा बढी लोकप्रिय रहेको देखिन्छ । नेपाल, भारत, चीनलगायतका देशमा पत्रकारिता प्रशिक्षण/शिक्षण हुँदै आमसञ्चारको अध्ययनको गोरेटो खनिएको हो । आधुनिक सञ्चार सिद्धान्तलाई

'पश्चिमाहरूले पश्चिमाहरूका लागि बनाएको' आधुनिक विधा वा अध्ययन क्षेत्रका रूपमा 'कम्युनिकेसन'को पहिचान, परिभाषा, स्वीकार्यता एवं संस्थागत संहतिसमेत सर्वप्रथम सं.रा. अमेरिकामै भएकाले सञ्चारको सिद्धान्तीकरणमा यसको निर्णायक प्रभाव परेको अध्येताहरूको निष्कर्ष देखिन्छ ।

जस्तै :अरब मुलुकका विश्वविद्यालय र शैक्षिक संस्थाहरूले उनीहरूका सञ्चारसम्बन्धी पाठ्यक्रम लाई पाश्चात्य परिमान अनुरूप नै निर्धारण गरेको र अनुसन्धानमा पनि पश्चिमाभिमुखी कार्यसूची कै दबदबा देखिन्छ । भारतमा अझैसम्म पनि पाश्चात्य ज्ञान र पुस्तकहरूलाई नै सही, प्रामाणिक र मानकीकृत मान्ने प्रवृत्ति रहेको एवं सञ्चार शोधका क्षेत्रमा भारतीय प्रवृत्ति र प्रभावको अध्ययन गर्दा नक्कल गर्ने प्रवृत्ति रहेको र 'भारतीय योगदान'को अभाव रहेको अवस्था केही वर्ष पहिले अध्येताहरूले उजागर गरेका थिए । अरब मुलुकहरूमा झैँ भारतमा पनि सञ्चारको अध्ययन तथा सिद्धान्तीकरणको प्राज्ञिक अभ्यासलाई विचार गर्दा अद्यापि 'युरोप(केन्द्रितता', 'पश्चिम केन्द्रितता' वा 'अमेरिकी वर्चस्व' भनिने प्रवृत्तिको नै प्रभुत्व रहेको छ र सोही अवस्थाबाट नेपाल पनि मुक्त हुन सकेको छैन ।

नेपालमा पाश्चात्य प्रतिमान अनुरूपको आधुनिक शिक्षा पहिलो चरणमा भारत हुँदै भित्रिएको हुनाले सञ्चार र यससम्बद्ध विभिन्न क्षेत्रमा सिद्धान्तीकरणलगायतका प्राज्ञिक अभ्यासमा त्यहाँको प्रवृत्तिलाई यहाँ पनि अनुसरण गरेको अवस्था थियो ।

दोस्रो चरणमा त झन् बेलायत, अमेरिका, फ्रान्स, जर्मनी आदिको सोझो अनुकरण गर्ने प्रवृत्ति अगाडि आयो । पत्रकारिता तथा आमसञ्चारका प्रशिक्षणमा पाश्चात्य मुलुकका सरकारी र गैरसरकारी लगानी नेपालमा धेरै मात्रामा भएको तथ्य यहाँ उल्लेख्य छ । नेपालका परिप्रेक्ष्यमा सञ्चार (कम्युनिकेसन) नामक आधुनिक औपचारिक ज्ञानको विधा वा अध्ययन( क्षेत्रको अवस्थिति मौलिकता र पराईपनाको द्वैधतापूर्ण जटिलताका कारणले समस्याग्रस्त रहिआएको छ । एकातिर नेपालमा सञ्चारसम्बन्धी आफ्नै मौलिक अवधारणाहरू रहिआएका छन् र अनादि कालदेखि यहाँ सञ्चार व्यवहृत हुँदै आइरहेको छ भने अर्कोतिर आधुनिक औपचारिक ज्ञानको एक विधा वा अध्ययन(क्षेत्रका हैसियतमा 'कम्युनिकेसन' लाई परोक्ष वा प्रत्यक्ष रूपमा पश्चिमबाटै आयात गरिएको हो । सञ्चार आफ्नो सभ्यताको अभिन्न अंश रहिआएको र आफ्ना धर्म, संस्कृति एवं दर्शनका प्राचीनतम ग्रन्थहरूमा समेत सञ्चारको अवधारणा, दृष्टिकोण एवं सिद्धान्तीकरण विद्यमान रहनुले यस विधा वा अध्ययन क्षेत्रमा मौलिकता रहनु पर्ने वा रहन सक्ने अवस्था भए पनि पश्चिमी (विशेषतः अमेरिकी) अनुकरण गर्नु नै आधुनिक एवं वैश्विक हुनु हो भन्ठानेर सञ्चार, मिडिया अध्ययन, आमसञ्चार तथा पत्रकारिताका पाठ्यक्रमहरूमा अन्धानुकरणले प्रश्रय पायो र सञ्चारको अध्ययनको क्षेत्र मौलिक अन्तर्दृष्टिबाट वञ्चित रह्यो । यस्तो पृष्ठभूमिलाई विचार गर्दा सञ्चारका सिद्धान्त र व्यवहारहरूबारे गरिने अध्ययन मूलतः पश्चिम(केन्द्रित नै रह्यो भन्दा अत्युक्ति हुँदैन ।

यद्यपि, सञ्चारको साधारणीकरण ढाँचाको अभिनिर्माणपछि नेपालको परिस्थितिमा केही अन्तर परेको छ र सञ्चारको संस्कृतिसापेक्ष मौलिक अध्ययन हुनसक्ने र हुनुपर्ने पक्ष पनि उजागर भएको छ ।

यसरी, आधुनिक विधा वा अध्ययन( क्षेत्रका रूपमा 'कम्युनिकेसन'को विस्तार सं.रा. अमेरिकाबाट अन्य मुलुकतर्फ रेखीय तवरले भएकाले प्राज्ञिक/शैक्षिक संस्थाका पाठ्यक्रम तथा विद्वतवर्गका सिद्धान्तीकरणका प्रयत्नहरूमा पाश्चात्य (विशेषतः अमेरिकी) प्रभुत्व रहेको देखिन्छ । सञ्चार विधाको पहिलो चरणको यस्तो प्रवृत्तिलाई पश्चिमीकरण भनिन्छ । पश्चिमीकरणको आलोचना गर्दै खडा भएको हो विपश्चिमीकरण (डिवेस्टर्नाइजेसन) दृष्टिकोण । विपश्चिमीकरणले पश्चिमकेन्द्रित पूर्वाग्रहलाई चुनौती दियो र एकदमै भिन्न तरिकाले सञ्चार सिद्धान्तीकरण हुनुपर्ने सुझायो । विपश्चिमीकरणले रेखीय विस्तार हुँदै फैलिएको पश्चिमीकरणलाई आलोचना गरी प्रतिमान परिवर्तनका लागि बौद्धिक/प्राज्ञिक आवाज उठायो ।

विपश्चिमीकरणले पाश्चात्य सिद्धान्त, ढाँचा र दृष्टिकोणको एकल वर्चस्व र प्रभुत्वमाथि खरो प्रश्न खडा गर्न सफलता पाएको छ । सञ्चारको अध्ययन एवं सिद्धान्तीकरणलाई आधुनिक विधा वा अध्ययन क्षेत्रका रूपमा पश्चिमी (विशेषतः अमेरिकी) दृष्टिकोण, सिद्धान्त एवं ढाँचाहरूको वाहकका रूपमा राख्ने हो भने यसको प्रायोगिकतामाथि नै अनौचित्यको खतरा खडा हुने तथ्यतर्फ विपश्चिमीकरणले ध्यानाकर्षण गराएको छ । विपश्चिमीकरणको अवधारणासँगै सञ्चार विधाको पाठ्यक्रममा पाश्चात्य प्रतिमानको एकल रजगज हट्नु पर्छ भन्ने माग संसारभरि नै उठेको छ किनभने एउटै मात्र संस्कृतिबाट निःसृत सिद्धान्तले सार्वजनीनता बोक्न सक्दैन । 'युरोप(केन्द्रितता',

'पश्चिम(केन्द्रितता' वा 'अमेरिकी वर्चस्व' संज्ञा दिइएको प्रवृत्तिबाट सञ्चार विधा वा अध्ययनक्षेत्र पूरै मुक्त नभइसकेको भए पनि विपश्चिमीकरणले उक्त पाश्चात्य प्रतिमानको विस्थापनका लागि कार्यसूची (एजेन्डा) स्थापित गरी दह्रो आधारशिला तयार पारेको छ ।

सञ्चारको अध्ययनमा अन्तर सांस्कृतिक अन्तर्दृष्टि स्वीकार्नु पर्ने, वैकल्पिक दृष्टिकोणहरू समेट्नु पर्ने तथा प्रतिमान परिवर्तन ल्याउनु पर्ने आदि मुद्दा इसवीय बीसौँ शताब्दीमै मुखर भएको देखिन्छ । सन् १९८० मा हवाईस्थित इस्ट(वेस्ट कम्युनिकेसन इन्स्टिच्युटले आयोजना गरेको 'कम्युनिकेसन थ्योरी : इस्टर्न एन्ड वेस्टर्न पर्सपेक्टिभ्स' विषयक अन्तर्राष्ट्रिय गोष्ठी यहाँनेर स्मरणीय छ । सञ्चारको सिद्धान्तीकरणमा पाश्चात्य संस्कृतिको एकल राइँदाइँलाई अवाञ्छित ठह(याइएको केही दशक भइसकेको छ । अब त अन्तर सांस्कृतिकता मात्रैले पनि पुग्दैन भन्दै अन्तर सांस्कृतिकताबाट अगाडि बढेर बहुसांस्कृतिकताको अन्तर्दृष्टिलाई समेट्नु पर्ने पक्षमा जोड दिन थालिएको पनि देखिन्छ । सञ्चारको अध्ययन एवं सिद्धान्तीकरण गर्दा विनिर्माण (डिकन्स्ट्रक्सन) लाई होइन, सांस्कृतिक ज्ञानको पुनर्निर्माण (रिकन्स्ट्रक्सन) लाई जोड दिनु पर्ने मान्यता अगाडि सारिएको पनि पाइन्छ ।

कुनै पनि देशका विश्वविद्यालयका पाठ्यक्रममा सोही देशका संस्कृति सापेक्ष अन्तर्वस्तु, सिद्धान्त, ढाँचा, पद्धति आदिलाई उपेक्षा गर्न र बहिष्कृत गर्न पाइँदैन भन्ने आवाजलाई विपश्चिमीकरणले अगाडि ल्याइदिएको छ । मौलिक दर्शन, सिद्धान्त, ढाँचा, पद्धति आदिलाई पाठ्यक्रममा समुचित स्थान मिल्नु पर्छ भन्ने यसको अन्तर्य हो । नेपाल र भारतमा पनि विपश्चिमीकरणको परिचर्चा बढ्दो क्रममा छ र त्यसको केही सकारात्मक प्रभाव देखिएको पनि छ । गोरखापत्र

**सञ्चार आ□नो सभ्यताको अभिन्न अंश रहिआएको र आफ्ना धर्म, संस्कृति एवं दर्शनका प्राचीनतम ग्रन्थहरूमा समेत सञ्चारको अवधारणा, दृष्टिकोण एवं सिद्धान्तीकरण विद्यमान रहनुले यस विधा वा अध्ययन क्षेत्रमा मौलिकता रहनु पर्ने वा रहन सक्ने अवस्था भए पनि पश्चिमी (विशेषतः अमेरिकी) अनुकरण गर्नु नै आधुनिक एवं वैश्विक हुनु हो भन्ठानेर सञ्चार, मिडिया अध्ययन, आमसञ्चार तथा पत्रकारिताका पाठ्यक्रमहरूमा अन्धानुकरणले प्रश्रय पायो र सञ्चारको अध्ययनको क्षेत्र मौलिक अन्तर्दृष्टिबाट वञ्चित रह्यो । यस्तो पृष्ठभूमिलाई विचार गर्दा सञ्चारका सिद्धान्त र व्यवहारहरूबारे गरिने अध्ययन मूलतः पश्चिम-केन्द्रित नै रह्यो भन्दा अत्युक्ति हुँदैन । यद्यपि, सञ्चारको साधारणीकरण ढाँचाको अभिनिर्माणपछि नेपालको परिस्थितिमा केही अन्तर परेको छ र सञ्चारको संस्कृतिसापेक्ष मौलिक अध्ययन हुनसक्ने र हुनुपर्ने पक्ष पनि उजागर भएको छ ।**

**यसरी, आधुनिक विधा वा अध्ययन-क्षेत्रका रूपमा कम्युनिकेसनको विस्तार सं.रा. अमेरिकाबाट अन्य मुलुकतर्फ रेखीय तवरले भएकाले प्राज्ञिक/शैक्षिक संस्थाका पाठ्यक्रम तथा विद्वतवर्गका सिद्धान्तीकरणका प्रयत्नहरूमा पाश्चात्य (विशेषतः अमेरिकी) प्रभुत्व रहेको देखिन्छ । सञ्चार विधाको पहिलो चरणको यस्तो प्रवृत्तिलाई पश्चिमीकरण भनिन्छ । पश्चिमीकरणको आलोचना गर्दै खडा भएको हो विपश्चिमीकरण (डिवेस्टर्नाइजेसन) दृष्टिकोण । विपश्चिमीकरणले पश्चिमकेन्ितत पूर्वाग्रहलाई चुनौती दियो र एकदमै भिन्न तरिकाले सञ्चार सिद्धान्तीकरण हुनुपर्ने सुझायो । विपश्चिमीकरणले रेखीय विस्तार हुँदै फैलिएको पश्चिमीकरणलाई आलोचना गरी प्रतिमान परिवर्तनका लागि बौद्धिक/प्राज्ञिक आवाज उठायो ।**

# महिला अधिकार कार्यान्वयनका चुनौती



**कृष्णहरि बाँस्कोटा**

मानवको जन्मसँगै नैसर्गिक अधिकार उजागर हुन्छन् । यस्लाई थुन्न वा छेक्न खोज्नु भनेको खोलोको बीचमा उभिएर पानीको बहाव रोक्न खोज्नु वा हत्केलाले सूर्यलाई छेक्न खोज्नुसरह हो । यसै मान्यतालाई आत्मसात् गरी महिलालाई दोस्रो दर्जामा राखिएको महसुस गरी सन् १८३० देखि महिला दासताविरुद्ध विश्वव्यापी आन्दोलन सुरु भएको पाइन्छ । विशेषगरी औद्योगिक क्रान्तिपछि महिलाको आर्थिक अधिकारको खोजी हुन थालेको हो ।

प्रस्तुत प्रसङ्गमा संयुक्त राष्ट्रसङ्घले सन् १९७५ लाई महिला अधिकार वर्षको घोषणा गर्नुका साथै सन् १९७५ देखि १९८५ लाई महिला अधिकार दशकका रूपमा मनाइएको थियो । साथै विश्वव्यापी मानव अधिकार घोषणापत्र, १९४८ मा महिला अधिकारलाई उच्च महत्व दिइएको थियो । नेपालमा मुलुकी ऐनपछि बालविवाह, अनमेल विवाहलगायतमा रोक लगाउनुका साथै महिला अधिकारका पक्षमा वातावरण बन्दै गयो । प्रस्तुत सन्दर्भमा २०३८ सालमा महिला विकास कार्यक्रम आरम्भ भयो । यस अतिरिक्त जनआन्दोलन १, २ पछिको राजनीतिक परिवर्तनले यसमा ढुङ्गा थप्ने काम ग(यो ।

नेपालको वर्तमान संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था छ । प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ भनिएको छ । साथै प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक हुने संवैधानिक व्यवस्था छ । यस अतिरिक्त महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै अन्य आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ । साथै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने हक हुनेछ भनी संविधानमा उल्लेख गरिएको छ ।

यसरी नेपालमा महिला विकास र महिला सशक्तीकरणका लागि सार्थक प्रयास हुन थालेको करिब चार(पाँच दशक भयो । हामीले सकारात्मक विभेदको नीति अवलम्बन गरिआएका छौँ । हाम्रो मुलुकमा पनि महिलाको अवस्था अपेक्षित रूपमा उम्दा छैन । तथापि अन्य मुलुकको तुलनात्मक हाम्रो अवस्था साह्रै गए गुज्रिएको पनि छैन । संवैधानिक र कानुनी प्रबन्ध तथा अन्तर्राष्ट्रिय महासन्धिलगायतमा नेपालले व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल महिला अधिकारको पक्षमा अग्रपङ्क्तिमै रहने मुलुकको श्रेणीमा पर्छ ।

नेपाल सरकारले महिलाका पक्षमा विभिन्न सुविधा प्रदान गर्ने नीति अख्तियार गरेको छ । जसअनुसार महिलाको मासिक पारिश्रमिकमा १० प्रतिशत आयकर छुट हुने, कुनै व्यापारिक वा औद्योगिक प्रतिष्ठानले एक सय जनामा ३३ प्रतिशत महिलालाई रोजगारी दिएमा सो निकायले आयकरमा २० प्रतिशत छुट पाउने, महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा ३५ प्रतिशत छुट हुने र महिलाको नाममा ट्रेडमार्क दर्ता गर्दा २० प्रतिशत दस्तुर छुट हुने व्यवस्था छ ।

यसैगरी नेपालमा महिला स्वयंले नै व्यवसाय गर्न महिला उद्यमशीलता विकास कोषबाट ऋण लिँदा छ प्रतिशत मात्रै ब्याज तिरे पुग्ने, महिलाको नाममा जग्गाको रजिस्ट्रेसन पारित गर्दा तोकिएको हिमाली क्षेत्रमा ५० प्रतिशत र अन्य क्षेत्रमा २५ प्रतिशत रजिस्ट्रेसन दस्तुतमा छुट हुने र राज्य प्रणालीले लैङ्गिक हिंसापीडित, घरेलु हिंसापीडित, बोक्सीको आरोपपीडित, एकल महिला र मानव बेचबिखनमा परेकालाई विविध सहायता प्रदान गरेको छ । यस्ता सुविधाले सकारात्मक नतिजा पनि देखाएका छन् । उदाहरणका लागि नेपालमा वितरित जग्गाको कुल लालपुर्जामध्ये एकचौथाइभन्दा बढीको सङ्ख्यामा यस्ता पुर्जा महिलाको नाममा बनेको छ ।

यस अतिरिक्त नवीकरणीय ऊर्जामा एकल महिलालाई अनुदानको व्यवस्था, द्वन्द्व प्रभावित महिलालाई एकमुष्ठ पच्चीस हजार सहायता, छात्रालाई सरकारी र सामुदायिक स्कुलमा १० प्रतिशत छात्रवृत्ति प्रदान गर्ने र प्राविधिक डिप्लोमामा प्रवेश परीक्षा उत्तीर्ण गर्ने महिलाका हकमा २५ प्रतिशत सिट आरक्षण गरिएको छ भने वैदेशिक रोजगारीको तालिममा महिलाले तालिम शुल्क शोधभर्ना पाउने व्यवस्था छ । यसबाट नेपालमा महिला साक्षरता दर निकै माथि गएको छ । हाल नेपालमा आमा सुरक्षा कार्यक्रम, महिला स्वास्थ्य कार्यक्रम, मातृ स्वास्थ्य कार्यकर्तालाई भत्ता र कानुनअनुसारको गर्भपतन सेवा निःशुल्क उपलब्ध हुने व्यवस्था छ । साथै संविधानद्वारा महिलालाई पैतृक सम्पत्ति र प्रजनन स्वास्थ्यको हक प्रदान गरिएको छ । यी सबै कार्यक्रमको प्रभावस्वरूप नेपालमा पुरुषको भन्दा महिलाको औसत आयु बढेको पाइएको छ ।

नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय १३२५ र १८२० का प्रावधानको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गरेको छ । नेपालले सन् १९७९ को सिड प्रटोकललाई अनुमोदन गरेको छ । यस अतिरिक्त अन्य महासन्धि, इन्टरनेसनल बिल अफ राइट्स्, बेइजिङ १९९५ का निर्णय र दिगो विकासको सन् २०३० सम्मको लक्ष्य कार्यान्वयनमा महिला विकास र सशक्तीकरणका मुद्दालाई उच्च प्राथमिकताका साथ आत्मसात् गरिएको छ ।


नेपालले करिब डेढ दशकदेखि लैङ्गिक उत्तरदायी बजेटलाई निरन्तरता दिएको छ । यसका पाँचवटा सूचकाङ्कमा महिलाको क्षमता अभिवृद्धि, योजना तर्जुमा र कार्यान्वयनमा उनीहरूको सहभागिता, लाभको बाँडफाँटमा महिलाको हिस्साको सुनिश्चितता, प्रत्येक कार्यक्रममा महिलाको रोजगारी र आय आर्जनको प्रत्याभूति तथा महिलाको समयको गुणात्मक प्रयोग रहेका छन् । आ.व. २०७८/७९ को बजेटमा ३९.४९ प्रतिशत बजेट महिलाका लागि प्रत्यक्ष लाभको रहेको छ । अस्ट्रेलियाबाट सन् १९८४ बाट आरम्भ भएको यस्तो बजेट प्रणालीलाई ओमेन बजेट, जेन्डर बजेट, जेन्डर सेन्सेटिभ बजेट, जेन्डर बजेट इनिसेटिभ्स र जेन्डर रेस्पोन्सिभ बजेटका नामले पुकारिँदै आएको छ ।

यस अतिरिक्त, राष्ट्रपति महिला कार्यक्रमबाट आफ्नै खुट्टामा उभिनसक्ने सीपमूलक तालिम दिने भनिए पनि अधिकांश लगानी बालुवामा पानी हालेसरह भएको छ । सबै अदालतमा महिलाका विषयमा छुट्टै इजलास खडा गरी प्रभावकारी ढङ्गले सञ्चालनमा ल्याउने प्रयास पनि सार्थक भइरहेको छैन । परिणामस्वरूप महिला हिंसा र यौनजन्य हिंसा बढिरहेको छ । यसबाट दण्डहीनता बढेको अनुभूति गरिएको छ । यसैगरी वैदेशिक रोजगारीबाट फर्केका महिलालाई बीउ पूँजी ऋणको उपलब्धता सहज तुल्याउने सार्थक प्रयासले महिला बेचबिखनलाई न्यूनीकरण गर्न सकिने थियो ।

यदि छात्रालाई उच्च शिक्षामा कोटा र छात्रवृत्ति बढाउन सके तथा सबै स्कुलमा छात्रा शौचालय र सेनिटरी प्याड वितरणलाई प्रभावकारी तुल्याउन सके बालविवाह नियन्त्रण गर्न सकिने थियो । यसैगरी सबै वडामा वर्थ सेन्टर स्थापना गर्न सके अकालमा आमा र बच्चाले ज्यान गुमाउनुपर्ने अवस्थामा सुधार ल्याउन सकिने थियो ।

यसर्थ, यस सन्दर्भमा आगामी पाइलास्वरूप महिला विकास र सशक्तीकरणका लागि आमाको नामबाट नागरिकता दिने विषयलाई सहज तुल्याउनुपर्छ । भूकम्पपीडित, दैवी विपत्तिलगायतलाई प्रदान गरिने राहतमा घरमूली महिलालाई मान्न हिचकिचाउनु हुँदैन । कार्यस्थलको महिला हिंसा नियन्त्रण गर्न अनुगमन प्रणालीलाई प्रभावकारी तुल्याउनुपर्छ । झुमा, छाउपडीलगायतका कुप्रथा नियन्त्रणमा अझै सार्थक प्रयास गर्नुपर्छ । सिडले सारभूत समानताको कुरा गरेको छ । यसको हुबहु कार्यान्वयन हुनुपर्छ । यी सबै अपेक्षा हासिल गर्न सङ्कुचित चिन्तन प्रणालीबाट माथि उठ्नुपर्छ ।

अन्त्यमा केही अध्ययनमा विश्वमा महिलाका केवल ६५ प्रतिशतसम्म अधिकार मात्रै प्रयोगमा आएको पाइएको छ । विश्वका करिब तीन दर्जन मुलुकमा मात्रै श्रीमती प्रसूति हुँदा श्रीमान्ले पनि बिदा पाउने व्यवस्था छ । यसैगरी करिब विश्वका चार दर्जन मुलुकले मात्रै महिला हिंसाविरुद्धको कानुन जारी गरेका छन् । महिलालाई पुरुषसरह रोजगारी र ज्याला दिने मुलुकको सङ्ख्या पनि कम छ । यसर्थ यी सबै पक्ष र क्षेत्रमा सकारात्मक हस्तक्षेपको जरुरी छ । नेपालमा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, निजी र गैरसरकारी क्षेत्र तथा समाज र परिवारले मन, वचन र कर्मले महिला विकास र महिला सशक्तीकरणको पक्षमा काम गर्ने हो भने हामीले अपेक्षा गरेको समतामूलक नेपाल बन्ने लक्ष्यमा सहजै पुगिने कुामा कुनै द्विविधा रहन्न । गोरखापत्र




# रामेछाप डायरी

## स्थानीय तहको निर्वाचन घोषणाको माग गर्दै राके जुलुस

रामेछाप । स्थानीय तहको निर्वाचनको मिति तत्काल घोषणा गर्नुपर्ने माग गर्दै नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युव संघले रामेछापमा राके जुलुस निकालेको छ । हिंसात्मक अधिव्यक्ति दिने यातायात मन्त्री रेणु यादवलाई



बखास्ती गर्नुपर्ने, पेट्रोलियम पदार्थको मुल्य बृद्धि फिर्ता लिनु पर्ने माग सहित युवासंघ रामेछापले विरोध प्रदर्शन गरेको हो । मन्थलीमा युवा संघका नेता कार्यकर्ताहरुले बजार क्षेत्रमा नारावाजी सहित राजे कुलुस निकालेको छ ।

## रामेछाप बजारमा लाग्दै आएको विहिबारे हाट बन्द

रामेछापको पुरानो सदरमुकाम रामेछाप बजारमा साप्ताहिक रुपमा लाग्दै आएको विहिबारे हाट बन्द भएको छ । रामेछाप नगरपालिकामा कोराना भाईरसको संक्रमण तिव्र रुपमा बढ्दै गइरहेको भन्दै नगरपालिकाले संक्रमण नफैलियोस भनेर विहिबारे हाट बन्द गरिएको एक सुचना प्रकाशित गरी जानकारी गराएको छ । नगरपालिकाले वडा नम्बर ३ साँघुटार बजारमा लाग्दै आएको शनिबारे हाट पनि बन्द गरेको छ । अर्को सुचना जारी नभसम्मको लागी हाट बन्द रहने नगरपालिकाले जनाएको छ ।कृषकहरुले उत्पादन गरेको हरियो फलफुल तथा तरकारी हरेक दिन विहान रामेछाप बजारमा ल्याएर बेच्न नगरपालिकाले अनुरोध गरेको छ । नागरिकलाई भिडभाड नगर्न,स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्न,माक्स लगाउन नगरपालिकाले सुचना मार्फत आग्रह गरेको छ । गत हप्ताको विहिबार रामेछाप बजारमा निकै भिडभाडसँगले हाट लागेको थियो ।

## काँग्रेस रामेछाप प्रदेशसभा 'क' को कार्यालय खिम्तिमा स्थापना

रामेछाप । नेपाली काँग्रेस रामेछाप प्रदेश सभा (क) ले कोषाध्यक्ष र प्रवक्ता चयन गरेको छ । शनिबार खिम्तीमा बसेको नेपाली काँग्रेस रामेछाप प्रदेश सभा (क) क्षेत्रको दोस्रो बैठकले कोषाध्यक्षमा चेत बहादुर खड्का र प्रवक्तामा कृष्णदाश सुनुवारलाई चयन गरेको हो । सभापति निरोज खड्काले कोषाध्यक्षमा खड्का र प्रवक्तामा सुनुवारको नाम बैठकमा प्रस्ताव गरेपछि दुबै जना सर्वसम्मत चयन भएका हुन् ।

कोषाध्यक्षमा चयन भएका खड्का खस आर्यतर्फबाट प्रदेश अधिवेशन प्रतिनिधिमा निर्वाचित भएका थिए भने प्रवक्ता चयन भएका सुनुवार जनजाति तर्फबाट प्रदेश अधिवेशन प्रतिनिधिमा निर्वाचित भएका हुन् ।

बैठकमा सभापति खड्काले कुमार तामाङ (टसी लामा) लाई प्रदेश सभा क्षेत्रीय सदस्यमा मनोनित गरेका छन् । निर्वाचित कार्यसमितिको कूल संख्याको २० प्रतिशत सदस्य मनोनित गर्न पाउने अधिकारलाई प्रयोग गर्दै तामाङलाई सदस्यमा मनोनित गरिएको प्रदेश सभा क्षेत्रीय सहसचिव कुमार श्रेष्ठले जानकारी दिए । नेपाली काँग्रेस रामेछाप प्रदेश सभा (क) क्षेत्रीय कार्यसमितिले पार्टी कार्यालय पनि स्थापना गरेको छ । लिखुतामाकोशी गाउँपालिकाको वडा नं ६ खिम्तीमा कार्यालय स्थापन गरिएको सहसचिव कुमार श्रेष्ठले बताए । उनका अनुसार पार्टी कार्यालय उद्घाट नेपाली काँग्रेस लिखुतामाकोशी ६ खिम्तीका जेष्ठ सदस्य एवं जेष्ठ नागरिक भुमीराज खड्का र लक्ष्मी प्रसाद दाहालले संयुक्त रुपमा गरेका छन् ।

बैठकमा रामेछाप प्रदेश सभा (क) क्षेत्रबट प्रतिनिधित्व गर्दै नेपाली काँग्रेस बागमती प्रदेश सदस्यमा निर्वाचित उज्वलराम घिमिरे, भिमशेन बस्नेत र कल्पना खड्कालाई प्रदेश सभा क्षेत्रीय कार्यसमितिको तर्फबाट बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना समेत दिइएको छ ।

रामेछाप प्रदेश सभा (क) क्षेत्रको पहिलो बैठकमा प्रदेश सभा (क) भित्र रहेका ३२ वटा वडा भित्र टोल समिति गठन गर्न परिपत्र गरिएको र दोस्रो बैठक सम्ममा २० वटा वडामा टोल समिति गठन गरिसकिएको र बाँकी वडाहरुमा समेत टोल समिति गठन गर्ने कार्य भइरहेको बैठकमा जानकारी गराइएको बताइएको छ । कतिपय ठाउँहरुमा पार्टीभित्र नै विवाद हुदा गाउँ कमिटीहरुमा नेपाली काँग्रेस रामेछापमा समस्या हुदै आएको छ । आउदै गरेको निर्वाचनलाई लक्षित गरेर उदघाटन गरेको कार्यलयले त्यसता विवादहरु कसरी समेटेर लान्छ । त्यो काँग्रेसका कार्यकर्ताहरुले धैर्य गरेर बसेको कार्यलय उद्घाटनमा आएका एक नेताले बताएका हुन् ।

## रामेछाप साँघुटारको राष्ट्रिय वाणिज्य बैंक बन्द

रामेछाप । कर्मचारीहरुमा कोरोना भाइरसको मिल्दोजुल्दो लक्षण देखिएपछि रामेछापको रामेछाप नगरपालिका वडा नं ३ साँघुटार बजारमा रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय बन्द भएको छ । बैंकका दुईजना कर्मचारीमा बिहीबार एन्टिजेन परीक्षण गर्दा कोरोना संक्रमण भएको पाईएको थियो ।

कोरोना भाइरस संक्रमण भएको पाईएपछि बैंकले एक सूचना निकाली बैंकबाट प्रवाह हुने सेवा शुक्रबारवाट केही दिनका लागि बन्द हुने जानकारी गराएको छ । शुक्रबार बैंक आकस्मिक बन्द हुँदा सेवाग्राहीहरु भने मारमा परेका छन् । ओखलढुंगा र रामेछापका सेवाग्राहीहरुले सेवा लिँदै आएको उक्त ठाउँको एक मात्र बैंक बन्द हुँदा निकै समस्या हुने त्यहाँका स्थानियले बताएका छन ।

कोरोनाको हल्ला र कोरोना परिक्षण गर्दा मौषम परिवर्तन हुने सिजनमा धरैजति मानिसहरुमा रुघाखोकी लाग्ने जरो आउने जस्ता लक्षण विगतका बर्षहरुमा जस्तै कोरोनाको हल्ला हुनुभन्दा अगाडी पनि नेपालमा हुने गर्दथ्यो । त्यस्तै सिजनमा नेपालमा अहिले कोरोनाको हल्ला गदै सार्वनिक क्षेत्रमा सर्वसाधरणले दुखः पाउने गरी जताततै यस्तै हल्लाहरुले काम गरिरहेको देखिन्छ । सम्बन्धित निकायहरुले सर्वसाधरणले दुःख नपाउन भन्नका लगि बिकल्पहरु अपनाएर सेवा दिने व्यवस्था गर्नु आवश्यक छ ।

# एनआईबिएल समृद्धि फण्ड -१ को शेयरहरु बिक्रीमा

काठमाडौ । नेपालइन्भेष्टमेन्ट बैंक लिमिटेड कोष प्रबर्द्धक र एनआईबिएल एस क्याप्टिल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको एनआईबिएल




म्युचुअल फण्ड अर्न्तगत संचालनमा रहेको पहिलो सामुहिक लगानी योजना-एनआईबिएल समृद्धि फण्ड - १ मिति २०७८/०९/२२ गते परिपक्व भएको थियो । सोही योजना खारेजीमा लैजाने क्रममा एनआईबिएल समृद्धि फण्ड -१ को स्वामित्वमा रहेको साधारण शेयरहरु/ऋणपत्रहरु बोलकबोलको माध्यमबाट बिक्री गर्ने भएको छ। संस्थाले जारी गरेको सूचना अनुसार उक्त साधारण शेयर हरु न्यूनतम मूल्य रु. १००/- को दरले तथा ऋणपत्रहरु न्यूनतम मूल्य रु. १०००/- को दरले बोलकबोलको माध्यमबाट आवेदर्न दिन सकिने जनाइएको छ। साथै, शेयर खरिदका लागि योग्य रहेका इच्छुक व्यक्ति, फर्म, कम्पनी, सघं संस्थाहरुले,मिति २०७८ माघ १३ गते देखि मिति २०७८ माघ २०गते सम्ममा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा आफूले लिन चाहेको शेयरहरु/ऋणपत्रहरु दररेटका साथ सम्पूर्ण विवरण खुलाई गोप्य शिलबन्दी बोलपत्र मार्फत् आवेदन पेश गर्न सकिने जनाइएको छ।

# सिद्धार्थ बैंकको एक्स्टेन्सन काउन्टर सिनामंगलमा

सिद्धार्थ बैंकले काठमाडौंको सिनामंगलमा नयाँ एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। बैंकले सिनामंगल क्षेत्रका सर्वसाधारण तथा उद्यमीमाझ सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा, रकम भुक्तानीलगायतका बैंकिङ

SiddharthaBank

सेवा पुऱ्याउन एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको जनाएको छ। अहिले कोरोना महामारीको अवस्थामा पनि बैंकले सतर्कताका विधि अपनाएर सबै सर्भिस आउटलेटबाट बैंकिङ सेवा प्रदान गरीरहेको जनाएको छ। सजिलो बैंकिङ सेवा (शाखारहित बैंकिङ), एटीएम, पीओएस् मेसिनका साथै निक्षेप तथा कर्जा सुविधा, घरमै बसेर बैंक खाता खोल्न सकिने तथा डेबिट र क्रेडिट कार्ड आवेदन दिन सकिने अनलाइन सुविधा, रेमिटेन्स सेवा, एटीएम कार्डलगायतका सविधा पनि उपलब्ध रहेको बैंकले जनाएको छ।

# एनआईबीएल समृद्धि फन्ड-१ ऋणपत्र बिक्री गरिने

नेपाल इन्भेस्टमेन्ट बैंक कोष प्रवर्द्धक र एनआईबीएल एस क्यापिटल योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको एनआईबीएल म्युचुअल फन्ड अन्तर्गत सञ्चालनमा रहेको पहिलो सामूहिक लगानी योजना-एनआईबीएल समृद्धि फन्ड-१ पुस २२ गते परिपक्व भएको थियो। फन्ड परिपक्व भएपछि योजना खारेजीमा लैजाने क्रममा एनआईबीएल समृद्धि फन्ड-१ को स्वामित्वमा रहेको साधारण

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
NIBL MUTUAL FUND
NIBL SAMRIDDHI FUND-I

सेयरहरू/ऋणपत्रहरू बोलकबोलको माध्यमबाट बिक्री गर्ने भएको छ। संस्थाले जारी गरेको सूचनाअनुसार उक्त साधारण सेयरहरू न्यूनतम मूल्य १०० को दरले तथा ऋणपत्रहरू न्यूनतम मूल्य १००० को दरले बोलकबोलको माध्यमबाट आवेदन दिन सकिने जनाएको छ। साथै, सेयर खरिदका लागि योग्य रहेका इच्छुक व्यक्ति, फर्म, कम्पनी, सघं संस्थाले माघ १३ देखि २० गते सम्ममा बिक्री प्रबन्धक एनआईबीएल एस लिन चाहेको सेयरहरू/ऋणपत्रहरू दररेटका साथ सम्पूर्ण विवरण खुलाई गोप्य शिलबन्दी बोलपत्रमार्फत्आवेदन पेस गर्न सकिने संस्थाले जनाएको छ।

# महालक्ष्मी विकास बैंकको वृक्षारोपण

महालक्ष्मी विकास बैंकको काठमाडौं बौद्ध तीनचुले शाखाले वृक्षारोपण कार्यक्रम आयोजना गरेको छ। बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत 'एक शाखा, एक सामाजिक उत्तरदायित्व कार्यक्रम' अनुसार सो शाखाले वृक्षारोपण कार्यक्रम आयोजना गरेको हो। बैंकले तिनचुली-आरुबारी सडक खण्डमा वृक्षारोपण गरेको जनाएको छ। बैंकले खाली ठाउँमा वृक्षारोपणका साथै बोटबिरुवाको संरक्षण गरेर प्राकृतिक सन्तुलन तथा शहरी सुन्दरता बढाउन सहयोग गरेको भन्दै गोकर्णेश्वर नगरपालिका-९ का वडाध्यक्ष राजिव थापाले धन्यवाद व्यक्त गरे। बैंकको तिनचुली शाखाका शाखा प्रबन्धक शेखर श्रेष्ठले वृक्षारोपण कार्यक्रम सफल पार्न स्थानीय निकायले सहयोग गरेको भन्दै आगामी दिनमा पनि सामाजिक कामलाई निरन्तरता दिने बताए।

# नेपाल बैंकले ल्यायो नयाँ योजना

नेपाल बैंकले गैरआवासीय नेपालीहरुलाई लक्षित गरि आकर्षक सुविधाहरुसहितका एनआरएन निक्षेप खाताहरु संचालनमा ल्याएको छ। विदेशमा बस्ने गैरआवासीय नेपालीहरुले अब अनलाइनबाटै नेपाल बैंक लिमिटेडमा बिदेशी मुद्रामा बचत र मद्दती खाता खोल्न सक्नेछन्। अमेरिकी डलर, पाउण्ड स्टर्लिङ र अष्ट्रेलियन डलरमा नेपाल बैंकमा बचत तथा मुद्दती खाता खोल्दा उच्चतम व्याज दिइनेछ। अमेरिकी डलरमा बचत तथा मद्दती खाता खोल्दा बार्षिक

नेपाल बैंक लिमिटेड
(स्थापित वि.सं. १९९४)
नेपालको पहिलो बैंक

व्याजदर क्रमशः ४.५ प्रतिशत र ५ प्रतिशत दिइनेछ भने अन्य विदेशी मुद्राको निक्षेपमा पनि आकर्षक व्याजदर दिने ब्यबस्था गरिएकोछ।

बचत तथा मुद्दती खाता दुबैमा न्युनतम मौज्दात अमेरिकी डलर ५००० वा सो वरावरको अन्य विदेशी मुद्रा हुनुपर्नेछ। एनआरएन खाता गैरआवासीय नेपालीहरुले एकल तथा संयुक्तरुपमा तथा गैरआवासीय नेपालीबाट प्रवर्द्धित विदेशस्थित संस्थाको नाममा पनि खोल्न सकिनेछ। यो खाता खोल्नको लागि नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैरआवासीय नेपालीको अद्यावधिक परिचयपत्रको प्रतिलिपि समावेश गर्नुपर्दछ साथै बैंकिङ प्रणालीबाट मात्र रकम जम्मा गर्न र फिर्ता गर्न सकिनेछ भने मुद्दती खाता कम्तिमा १ बर्ष वा सो भन्दा बढि अवधिको लागि खोल्न सकिनेछ।

# सनराइज बैंकको १३ औं काउन्टर धनकुटामा

सनराइज बैंक लिमिटेडले धनकुटा जिल्लाको धनकुटा न.पा.वडा नं.०५ मा



अवस्थित करदाता सेवा कार्यालयको प्रांगणमा विस्तारित काउन्टर सेवाको सुरुवात गरेको छ। सो विस्तारित काउन्टर सेवा संचालनमा आएसँगै बैंकको विस्तारित काउन्टर सेवा संख्या १३ पुगेको छ। सो विस्तारित काउन्टर समुद्घाटन कार्यक्रम सनराइज बैंकका १ नं. प्रदेश प्रमूख विवेककुमार निरौला तथा सनराइज बैंक धनकुटा शाखाका शाखा प्रबन्धक दिनेश शर्मा अधिकारी लगायत अन्य कर्मचारीहरु तथा केही स्थानीय उद्योगी, व्यवसायीहरुको उपस्थितिमा धनकुटा नगर पालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृत रामबहादुर थापाले गरेका थिए। हालसम्म सनराइज बैंकले १३९ वटा शाखा, ८५ वटा शाखारहित बैंकिङ्ग सेवा, १३ वटा विस्तारित काउण्टर र १५८ वटा एटिएम मार्फत आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ।

# राष्ट्र उत्थान लघुवित्तको मुनाफा वृद्धि

भर्खरै आईपीओ जारी गर्ने स्वीकृत पाएको राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाले चालू आर्थिक वर्षको दोस्रो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरेको छ। काभ्रेको बनेपामा केन्द्रीय कार्यालय रहेको वित्तीय संस्थाले अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७८-०७९ को दोस्रो त्रैमासमा मुनाफमा १४८ प्रतिशत, रिजर्भमा ७९ प्रतिशत, कर्जा लगानीमा ६४ प्रतिशत, खुद व्याज आम्दानीमा ५७ प्रतिशत लगायत अधिकांस सूचकमा प्रगति हासिल गरेको छ।

यस्तै कम्पनीले खराब कर्जा करिब ५९ प्रतिशतले घटाएर १.०३ प्रतिशतमा सीमित राखेको बताइएको छ। संस्थाले हालसम्मको संचित मुनाफा र चालु आवको बाँकी ६ महिनामा आर्जन गर्ने मुनाफाबाट आगामी वर्ष सेयरधनीलाई करिब ५० प्रतिशत भन्दा बढी लाभांस बाँड्न सक्ने कम्पनीको दावी छ।

# सूर्या लाइफ इन्स्योरेन्सद्वारा घातक रोग वापतको भुक्तानी प्रदान

काठमाडौ। सूर्या लाइफ इन्स्योरेन्स कम्पनीले १० लाख बराबरको घातक रोग विरुद्धको दावी रकम इस्मा गा.पा. वडा नं. ४ गुल्मीका बीमित मधु खत्रीलाई हस्तान्तरण गरेको छ। खत्रीले रु १० लाख बीमाङ्कको बीमालेख लिएको १ बर्षबिते लगत्तै मृगौला फेल भएको र कम्पनीले १८ घातक रोगहरु को



रक्षावरण हुने गरी घातक रोग सुविधा प्रदान गर्ने गरेकोमा निज खत्रीले बीमा शूल्क रकममा थप रु. १६९० भुक्तान गरी घातक रोग सुविधा लिएकोले कम्पनीले घातक रोग बापतको बीमाङ्क रु. १० लाख खत्रीलाई हस्तान्तरण गरेको हो। उक्त दावी पश्चात पनि उहाँको पोलिसीमा घातक रोग बाहेको सम्पूर्ण सुविधा यथावत रहि निरन्तर रहने कम्पनीले उक्त दावी प्रदान गर्ने क्रममा बताएको थियो। सूर्या लाइफइ न्स्योरेन्स कम्पनीका बरिष्ठ सहायक महाप्रवन्धक नरोत्तम ढकाल दावी बिभाग प्रमुख राजु राजचल र दावी बिभाग काकर्मचारी तारणी कटुवालको उपस्थितिमा मधु खत्रीलाई प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले चेक हस्तान्तरण गरेका हुन्।

## अर्थ संसार

# धौलागिरी लघुवित्त वित्तीय संस्थाले गऱ्यो शेयर निस्काशन गर्ने सम्झौता

काठमाडौ। धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड, बागलुङ नगरपालिका–२, को निष्काशन गर्नुपर्ने ३,००,००० कित्ता साधारण शेयर निष्काशन गर्नको लागि सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौलाई निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त गरिएको छ।

उक्त कार्यको लागि लघुवित्त वित्तीय संस्थाको तर्फवाट प्रमुख कार्यकारी अधिकृत मीन बहादुर बोहरा तथा सन्राइज क्यापिटल लिमिटेडका तर्फवाट प्रमुख कार्यकारी अधिकृत बिजय लाल श्रेष्ठका बीच सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौमा मिति २०७८ माघ १२ गतेद्धिपक्षीय




सम्झौता पत्रमा हस्ताक्षर गरी उक्त साधारण शेयर निष्काशन गरिने सम्झौता गरको हो।

धौलागिरी लघुवित्त वित्तीय संस्था लिमीटेड राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको ईजाजपत्र प्राप्त गरी मिती २०७५/११/०१ देखी वित्तीय कारोबार गर्दै आईरहेको यस वित्तीय संस्थाले बि.स. २०७८ पुष मसान्त सम्ममा नेपालका २० जिल्लामा ४६ वटा शाखा कार्यालयहरु मार्फत कुल १९१ जना कर्मचारी परिचालन गरि ३४,४३८ सदस्यहरुलाई आफ्नो लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। सोही अबधिसम्ममा वित्तीय संस्थाको कुल कर्जा लगानी तर्फ रु. १ अर्ब ४४ करोड, निक्षेप संकलन तर्फ रु. ६२ करोड १४ लाख रहेकोमा अन्तर बैंक सापटी रु.६१ करोड ८० लाख रहेको छ।

हाल चुक्ता पूँजी ७ करोड रहेकोमा सार्वजनिक शेयर निष्काशन भए पश्चात् रु. १० करोड चुक्ता पुजि कायम हुनेछ। हाल जगेडा तथा कोषहरु तर्फ कुल रु.१० करोड ३८ लाख रहेको छ। आर्थिक बर्ष २०७७/०७८ को आषाढ मसान्त सम्ममा वित्तीय संस्थाको वितरण योग्य मुनाफा रु.२ करोड ६० लाख रहेकोमा पुष मसान्त सम्मा आईपुग्दा उक्त वितरण योग्य मुनाफा रु.४ करोड ९ लाख पुगेको छ।

आर्थिक बर्ष २०७७/०७८ को मसान्तमा प्रतिशेयर आम्दानी रु.५०.१२ भन्दा बढि कायम गरेकोमा पुष मसान्त सम्ममा आईपुग्दा रु.६१.४५ प्रतिशेयर आम्दानी कमाउन सफल भएको संस्थाका प्रमुख कार्यकारी अधिकृत मिन बहादुर बोहराले जानकारी दिएका हुन्।

# हिमालयन बैंक र इन्भेष्टमेन्टबीच मर्जर हुने

काठमाडौं। हिमालयन बैंकले इन्भेष्टमेन्ट बैंकसँग मर्जर हुन नसकेको माइन्यूट नियामक निकाय नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डमा पठाएको छ। हिमालयन बैंक र इन्भेष्टमेन्ट बैंकको मर्जर फेल भएको छ। हिमालयन बैंकको गत पुस ३० गते सम्पन्न बार्षिक साधारणसभामा इन्भेष्टमेन्ट बैंकसँग मर्जरमा जाने प्रस्ताव अस्विकृत गरेको थियो।

बैंकले साधारणसभाको उक्त माइन्यूट केन्द्रीय बैंक र धितोपत्र बोर्डमा पठाइसकेको हिमालयन बैंकका सीइओ अशोक राणाले जानकारी दिए। राणाका अनुसार गत साता बैंकले साधारणसभाको माइन्यूट दुबै निकायमा पठाएको छ।

बहुमत सेयरधनी मर्जरको पक्षमा भएपनि मर्जरको लागि चाहिने दुईतिहाई मत नपुगेपछि नेपाल इन्भेष्टमेन्टसँग मर्जरको विषय अन्त्य भएको छायो सँगै दुबै बैंकले राष्ट्र बैंकमा डीमर्ज (मर्जरसम्बन्धी यसअघि भएको समझदारी

HBL Himalayan Bank Ltd.

खारेज गरी पाउँ) भन्ने प्रस्ताव पठाउनु पर्छ। त्यो प्रस्ताव भने राष्ट्र बैंकमा पठाइएको छैन।

यो साता हिमालयन बैंकको सञ्चालक समितिको बैठक बसेर डिमर्जको प्रक्रिया अघि बढाउने राणाले जानकारी दिए। हिमालयन बैंकको सञ्चालक समितिले आवश्यक निर्णय गरेपछि दुबै बैंकको मर्जर कमिटिको संयुक्त बैठक बसेर संयुक्तरुपमै राष्ट्र बैंकमा डिमर्जका लागि आवेदन दिनुपर्छ।

'यो साता हाम्रो सञ्चालक समितिले निर्णय गर्छ, त्यसपछि दुबै बैंकको मर्जर कमिटि बसेर संयुक्तरुपमा डिमर्जको निर्णय गरी राष्ट्र बैंक पठाउने छौं,' राणाले भने।

हिमालयन बैंकका सञ्चालक समितिका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठ मर्जरको पक्षमा थिएनन्। कर्मचारी सञ्चय कोष पनि मर्जरमा जान मानेको थिएन। दुबै बैंकले गत बैशाखमा मर्जरमा जाने सहमति गरेका थिए।

कर्मचारी सञ्चय कोषले इन्भेष्टमेन्ट बैंकको सम्पत्ति तथा दायित्व मूल्यांकन (डीडीए) वास्तविक नभएको र यथास्थितीमा १:१ को अनुपातमा मर्जरमा जान नसकिने धारणा पहिले नै बुझाएको थियो।

इन्भेष्टमेन्ट बैंकले थप सार्वजनिक निष्कासन (एफपिओ) जारी गर्दा तिनुपर्ने कर नतिरेको भन्दै महालेखाले बेरुजु देखाएको तथा इन्भेष्टमेन्ट बैंकको लाजिम्पाटको घरमा मुद्दा चलेको लगायतका विषयले हिमालयनसँग नेपाल इन्भेष्टमेन्ट मर्ज हुँदा १:०.७८ अर्थात् नेपाल इन्भेष्टमेन्ट बैंकको १०० कित्ता बराबर हिमालयनको ७८ कित्ताको दरले हुनुपर्ने भन्दै अहिले स्थितीमा मर्जरमा जान नहुने लिखित जानकारी दिएको थियो।

# यसरी नै सांसद छानिने हो भने राष्ट्रिय सभाको अर्थ छैन

**सोम बहादुर थापा**

सिद्धान्ततः राष्ट्रिय सभा अनुभवी, विज्ञ र प्रौढहरूको संस्था हो । अहिले पनि बेलायतमा माथिल्लो सभामा अनुभवी व्यक्तिहरू देखिन्छन् । अमेरिकामा पनि यसलाई अनुभवी व्यक्तिहरूको संस्था भनिन्छ । प्रौढता भन्नाले विज्ञ र विशेषज्ञ मान्छेहरू भनिएको हो । भारतमै पनि त्यही स्थिति छ ।

नेपालको सन्दर्भमा २०४७ सालको संविधानले अलिकति भए पनि विज्ञ, विशेषज्ञहरूलाई ल्याउनुपर्छ भन्ने मान्यता राख्यो । २०७२ को संविधानले यो मान्यता राखेन । त्यसयता राजनीतिक नेतृत्व र कार्यकर्तालाई मात्रै राष्ट्रिय सभामा ल्याउने चलन आयो ।

महत्वका हिसाबले राष्ट्रिय सभाले गर्नुपर्ने धेरै काम छन् । प्रतिनिधिसभाले कहिलेकाहीं राष्ट्रिय आवश्यकता र महत्वको दृष्टिले भन्दा पनि जनताको, मतदाताको दबावको आधारमा, हतार-हतारमा कुनै विधेयकहरू पास गर्न सक्छ । संसदीय अभ्यासमा त्यस्तो बेलामा कानून बनाउँदा कम्तीमा राष्ट्रिय महत्व, आवश्यकता र सन्दर्भ हेरेर पारित गर्न आफ्नो मत जाहेर गरोस् भनेर दिग्गजहरूको सभा राष्ट्रिय सभाको व्यवस्था विकास भएको हो ।

राष्ट्रिय सभाको सबैभन्दा पहिलो र महत्वपूर्ण काम भनेकै राष्ट्रको आवश्यकता र महत्व हेरेर विधि निर्माण गर्ने हो ।

राष्ट्रिय सभामा पुगेका माननीयहरू कस्तो कस्तो लैजाने क्या ! राजनीतिक नेतृत्वले 'यस-म्यान'लाई मात्रै लैजान थाल्यो । त्यहाँ पुगेका माननीयहरूको व्यवहार र प्रस्तुति कमजोर भयो । यसमा माननीयहरूको मात्रै दोष छैन, राजनीतिक प्रणालीको पनि दोष छ ।

संसारभरिको प्रतिनिधिसभालाई एक किसिमको जोश-जाँगर भएको संस्था हो भनिन्छ । यसले जनतालाई देखाएर काम गर्न खोज्छ । अमेरिकामा पनि प्रतिनिधिसभा सदस्यहरूलाई यिनीहरू फूर्ति गर्छन्, तर, यिनीहरूसँग म्याचुरिटी हुँदैन, अनुभव हुँदैन भन्ने मान्यता राखिन्छ ।

अमेरिकामै भनौं, बेलायतमै भनौं । प्रतिनिधिसभा हेर्नुभयो भने कैयौं त्यसले पास गरेका विधेयक त्यहाँको माथिल्लो सभाले इन्कार गरेको हुन्छ । अमेरिकामा तल्लो सभाले पास गरेका विधेयक माथिल्लो सभाले इन्कार गरेका उदाहरण छन् । सिनेटमा पनि जनताकै प्रतिनिधि हुन्छ हुन चाहिं तर त्यहाँ प्रौढता हुन्छ भनिन्छ । उनीहरूले सबै कुरा हेरेर, विचार गरेर पास गर्छन् भन्ने मान्यता छ ।

हुनुपर्ने नेपालमा पनि त्यही हो । अर्थ विधेयकको कुरा गर्ने हो भने नेपालमा मात्रै नभएर जहाँ पनि प्रतिनिधि सभालाई नै विशेषाधिकार छ । र पनि छलफल गर्ने, यताउति गर्ने अधिकार राष्ट्रिय सभालाई पनि छ, कानूनले दिएको छ । तर, अमेरिकामा एउटा व्यवस्था छ- यदि जनताको हित विपरीत भयो भने माथिल्लो सदनले टक्कर दिन सक्छ । सिनेटको पनि राय लिनुपर्ने मान्यता छ । र प्रतिनिधिसभाले पनि माथिल्लो सभाको राय नलिई पास गर्दैन । नेपालमा पनि प्रतिनिधिसभालाई विशेषाधिकार छ अर्थ विधेयकका विषयमा । र पनि राष्ट्रिय सभाको सुझाव लिइन्छ । तर, राष्ट्रिय सभाले राष्ट्रिय दृष्टिकोण राखेर भने छलफल गर्नै सकेको छैन ।

राष्ट्रिय सभाले रायसुझाव, आफ्ना नीति निर्देशनहरू गर्दा राष्ट्रिय अवस्था, अन्तर्राष्ट्रिय परिस्थिति हेरेर नभई हचुवाका आधारमा अगाडि बढ्ने प्रवृत्ति छ । यसकारण राष्ट्रिय सभाले हाम्रोमा आफ्नो महत्व आफैं घटाइरहेको छ ।

एउटा त्यहाँ बस्ने माननीयहरू कस्तो कस्तो लाने क्या ? यसमा राष्ट्रिय सभामा गएका माननीयहरूको दोष छैन । दोष राजनीतिक प्रणालीको छ । हाम्रोमा राष्ट्रिय सभा प्रभावकारी नहुनुको एउटा कारण यो हो । राजनीतिक नेतृत्वले राष्ट्रिय सभामा 'यस-म्यान' लाई मात्रै लैजान थाल्यो । यो त होइन नि सिस्टम । अनि त्यहाँ पुगेका माननीयहरूको व्यवहार र प्रस्तुति पनि उस्तै छ ।

**राष्ट्रिय सभामा पुगेका माननीयहरू कस्तो कस्तो लैजाने क्या ! राजनीतिक नेतृत्वले यस-म्यानलाई मात्रै लैजान थाल्यो । त्यहाँ पुगेका माननीयहरूको व्यवहार र प्रस्तुति कमजोर भयो । यसमा माननीयहरूको मात्रै दोष छैन, राजनीतिक प्रणालीको पनि दोष छ । संसारभरिको प्रतिनिधिसभालाई एक किसिमको जोश-जाँगर भएको संस्था हो भनिन्छ । यसले जनतालाई देखाएर काम गर्न खोज्छ । अमेरिकामा पनि प्रतिनिधिसभा सदस्यहरूलाई यिनीहरू फूर्ति गर्छन्, तर, यिनीहरूसँग म्याचुरिटी हुँदैन, अनुभव हुँदैन भन्ने मान्यता राखिन्छ । अमेरिकामै भनौं, बेलायतमै भनौं । प्रतिनिधिसभा हेर्नुभयो भने कैयौं त्यसले पास गरेका विधेयक त्यहाँको माथिल्लो सभाले इन्कार गरेको हुन्छ । अमेरिकामा तल्लो सभाले पास गरेका विधेयक माथिल्लो सभाले इन्कार गरेका उदाहरण छन् । सिनेटमा पनि जनताकै प्रतिनिधि हुन्छ हुन चाहिं तर त्यहाँ प्रौढता हुन्छ भनिन्छ । उनीहरूले सबै कुरा हेरेर, विचार गरेर पास गर्छन् भन्ने मान्यता छ । हुनुपर्ने नेपालमा पनि त्यही हो । अर्थ विधेयकको कुरा गर्ने हो भने नेपालमा मात्रै नभएर जहाँ पनि प्रतिनिधि सभालाई नै विशेषाधिकार छ । र पनि छलफल गर्ने, यताउति गर्ने अधिकार राष्ट्रिय सभालाई पनि छ, कानूनले दिएको छ । तर, अमेरिकामा एउटा व्यवस्था छ- यदि जनताको हित विपरीत भयो भने माथिल्लो सदनले टक्कर दिन सक्छ । सिनेटको पनि राय लिनुपर्ने मान्यता छ । र प्रतिनिधिसभाले पनि माथिल्लो सभाको राय नलिई पास गर्दैन । नेपालमा पनि प्रतिनिधिसभालाई विशेषाधिकार छ अर्थ विधेयकका विषयमा । र पनि राष्ट्रिय सभाको सुझाव लिइन्छ । तर, राष्ट्रिय सभाले राष्ट्रिय दृष्टिकोण राखेर भने छलफल गर्नै सकेको छैन ।**

संवैधानिक अधिकार बराबर

संवैधानिक रूपमा हेर्ने हो, मूल्यमान्यतामा हेर्ने हो भने, कहीं कमि छैन दुवै सभाका बीचमा, बराबर अधिकार छ । अर्थ विधेयक बाहेक प्रतिनिधिसभालाई विशेषाधिकार हुँदैन ।

हामीकहाँ राष्ट्रिय सभा अलग्गै ग्रहबाट आएको भन्ने हुन्न । मान्यता बराबरै हो । प्रतिनिधिसभा चाहिं जनताबाट आयो भने राष्ट्रिय सभा चाहिं समानुपातिक हिसाबले जितेर आयो । राष्ट्रिय सभा पनि निर्वाचित संस्था नै भयो । तर राष्ट्रिय सभाले पास गरेका विधेयक प्रतिनिधिसभाले मानिदिएन भने त्यसलाई 'जस्टिफाई' राष्ट्रिय सभाले नै गर्नुपर्‍यो । तर, हामीकहाँ एकले अर्को सभालाई अनादर गर्दा ठूलो भइन्छ भन्ने प्रवृत्ति बढ्दैछ । यो गलत छ ।

त्यसकारण यसमा राष्ट्रिय सभाले पनि आफ्नो काम-कारबाही गर्दा संवैधानिक रूपमा र राष्ट्रिय आवश्यकतालाई हेरेर तर्कसंगत रूपले, कानूनसम्मत रूपले विधेयकहरू पारित गर्नुपर्छ । ताकि पास गरिदिऊँ भनेको भरमा मात्रै पास गरेर हुँदैन । उसले दिएको तर्कलाई पास गरेको विधेयकलाई प्रतिनिधिसभाले खण्डन गर्न पनि गाह्रो हुन्छ त्यसपछि । अहिले हाम्रो प्रचलन प्रतिनिधिसभामा पनि राष्ट्रिय सभामा पनि हतार-हतारमा राम्ररी अध्ययन, छलफल नगरिकन, राम्रा तर्कहरू सुन्दै नसुनिकन विधेयक पास गर्ने चलन छ । दुवै सभामा त्यही छ । यसले दुइटै हाउसको गरिमा घटेर गएको छ ।

राष्ट्रिय सभाले अझ दिग्गजहरूको सभा हो भनेर ओज राख्ने गरी काम गर्नुपर्छ । जस्तो भारतमा हेर्‍यौं भने माथिल्लो सभाले जुन किसिमको प्रौढता देखाउँछ त्यो प्रौढता हाम्रो राष्ट्रिय सभाले देखाउन सकेको छैन । अमेरिकी सिनेटले जुन किसिमको प्रौढता देखाएको छ त्यो हाम्रोमा देखाउन सकिएको छैन । बेलायतको पनि त्यही हो । बेलायतमा अझ अलग ढंगको माथिल्लो सभा छ । त्यहाँ पुराना लर्डसहरू, सम्मानित व्यक्तित्वहरू छन्, धार्मिक व्यक्तिहरू छन्, हाम्रो त त्यो छैन ।

जनताकै माझबाट चुनिएर आएका प्रतिनिधिहरू छन् । तर पनि उनीहरू आफूलाई अनुभवसिद्ध सभामा छु, राष्ट्रिय सभाले गरेको हरेक चीजलाई प्रतिनिधिसभाले मान्नुपर्छ, राष्ट्रिय सभाले केही गल्ती गर्दैन भन्ने देखाउन सकेन । २०४७ सालको संविधान बमोजिम पनि राष्ट्रिय सभामा मान्छेहरू मनोनीत गर्दा संसदीय अभ्यास र संसदीय शासन व्यवस्था र प्रणालीका बारेमा अध्ययन गरेका, बुझेका, विभिन्न क्षेत्रमा ख्यातिप्राप्त गरेका मान्छेहरूलाई प्राथमिकता दिने गरिएको थियो । त्यो चलन अहिले रहेन ।

अहिलेको संविधान र राजनीतिक अभ्यासले दिग्गज मान्छेलाई राष्ट्रिय सभामा लैजाने चलन हटाइदियो । अहिले हेर्दा प्रतिनिधिसभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने मान्छेहरू एउटै प्रकृतिका भए । राष्ट्रिय सभाले कुन प्रकृतिमा काम गर्नुपर्छ भन्ने कुरा नै जानेनन् राष्ट्रिय सभाका माननीयहरूले । यसकारण राष्ट्रिय सभाको गरिमामाथि प्रश्न उठेको छ र यो उठ्दै जानेछ ।

राष्ट्रिय सभाको 'स्ट्रक्चर' नै पनि गलत ढंगले तयार भयो । राजनीतिक दलहरूले यसलाई बिगार्न खोजे । राष्ट्रिय सभाको औचित्य, आवश्यकता र महत्वलाई नै तोडमोड गर्ने प्रयास भयो । उदाहरणका लागि राष्ट्रिय सभा सदस्य हुनका लागि अनुभव हुनुपर्‍यो क्लष्टर होइन । क्लष्टरले त केही गर्दैन नि ! क्लष्टर बनायौं र यसबाट हामीले राष्ट्रिय सभालाई विकृत बनायौं । राष्ट्रिय सभालाई विकृत सभा जस्तो बनायौं । राष्ट्रिय सभालाई यसरी लगेपछि स्वाभाविक रूपले यसले राम्रो काम गर्न सक्दैन । र, त अहिले गरेको छैन ।

राजनीतिक दलले ल आज विरोध गर्ने भन्यो भने हुन्छ । यो विषय उठाउ भन्यो भने उठ्छ । त्यो विषयमाथि अध्ययन गर्ने, उठाउ भनेको विषय सही हो वा होइन भनी सोच्नुपर्छ । यो विषयमा विरोध गर्ने वा विषय नै उठाउने हो कि होइन ? भन्ने विषयमा राष्ट्रिय सभा सदस्यहरू गम्भीर हुनुपर्छ । दलले नै भने पनि मान्दैनौं भन्ने, दलीय ह्वीप उल्लंघन गर्ने हिम्मत राख्नुपर्छ ।

हामी त राष्ट्रको सदस्य हो, त्यसकारण यो विषय उठ्न सक्छ, वा सक्दैन भनेर दलहरूलाई भन्न सक्नुपर्छ । त्यसका लागि दिइने तर्कले पनि उनीहरूको ओज उँचो बनाउँछ । तर अहिले दलको आदेश पालक जस्तो, दलीय सभा जस्तो भएको छ माथिल्लो सदन । र यो सभा प्रतिनिधिसभा भन्दा भिन्न सभा हो भन्ने प्रष्ट्याउने गरी गतिविधि भएकै छैनन् । यसरी नै जाने हो, राष्ट्रिय सभाको महत्वलाई तोडमोड नै गरेर जाने सोच दलहरूले राख्ने हो भने यो रहनु र नरहनुको अर्थ छैन ।

विधि निर्माण प्रक्रियाकै कुरा गर्दा राष्ट्रिय सभामा एउटा मात्रै विधायन व्यवस्थापन समिति छ । राष्ट्रिय सभामा एउटा समिति गठन गरेर त्यसले मात्रै सबै विधेयक हेर्न कसरी मिल्छ ? यसो गर्दा एक त समयमा विधेयकहरू पास नहुने समस्या हुन्छ । अर्को उसले राम्ररी अध्ययन गर्न सक्दैन । राष्ट्रिय सभामा चार वटा समिति बनाएर एउटालाई मात्रै विधेयक हेर भन्दा अरूले कसरी कानून निर्माण माथिको छलफलमा आफ्ना अनुभव राख्न सक्छन् । चार वटै समितिलाई विधेयक हेर्ने अधिकार दिए हुन्न ? खास विधायिकी अनुभव भएकाहरू चाहिं विधायन समितिमा रहेनन् भने त्यो विधायन समिति एउटैले कानून निर्माण गर्दा कस्तो कानून बनाउँछ ? राष्ट्रिय सभामा भएका र नयाँ आएका अनुहारहरूलाई हेरेर पनि धेरैले विश्लेषण गर्न सक्छन् राष्ट्रिय सभाले प्रतिनिधिसभाले भन्दा गुणस्तरीय कानून बनाउन सक्छ ? यस्तै गल्ती २०४८ सालमा पनि भएको थियो । ३० वर्षपछि पनि उस्तै गल्ती दोहोर्‍याइएको छ । यसकारण राष्ट्रिय सभालाई परिपक्व संस्था बनाउने हो भने विधि निर्माणमा राष्ट्रिय सभा सक्षम छ भन्ने पुष्टि गर्नुपर्छ । यसका लागि सदस्यका उम्मेदवार छनोटदेखि सदस्य भएर आएपछि कानून निर्माणमा केन्द्रित गराउने, आवश्यक परे दलीय ह्वीप उल्लंघन गरेर विज्ञता प्रकट गर्ने थलोका रूपमा यसको विकास गर्ने गरी राजनीतिक रूपमा, मनोवैज्ञानिक रूपमा तयार हुनुपर्छ ।

-अनलाइनखबर

# पान नम्बर लिने चवालीस लाख नाघे

काठमाडौं । कर प्रक्रियामा सहभागी हुन आवश्यक पर्ने स्थायी लेखा नम्बर (पान)मा दर्ता हुनेको सङ्ख्या ४४ लाख नाघेको छ । अर्थ मन्त्रालयका अनुसार मङ्सिरसम्म ४४ लाख १८ हजार ५५५ करदाता पानमा दर्ता भएका छन् । यस्तो सङ्ख्या असारसम्म ४० लाख ६६ हजार थियो । यस हिसाबले पाँच महिनामै साढे तीन लाख करदाता पानमा थपिएका हुन् । यस अवधिमा व्यक्तिगत पानमा दर्ता हुनेको सङ्ख्या २७ लाख नाघेको छ । जब कि असारम्म व्यक्तिगत पान नम्बर लिनेको सङ्ख्या २४ लाख ७५ हजार थियो । रोजगारी गर्ने हरेक व्यक्ति पानमा आबद्ध हुनैपर्ने सरकारी नियमअनुसार पनि व्यक्तिगत पान नम्बर लिनेको सङ्ख्या पछिल्लो समय बढ्दो छ । अर्थ मन्त्रालयका अनुसार अहिलेसम्म व्यावसायिक पान लिनेको सङ्ख्या १७ लाख चार हजार ४०४ पुगेको छ । गत असारसम्म १५ लाख ८० हजार करदाताले व्यावसायिक पान लिएको तथ्याङ्क छ । त्यस्तै करकट्टी गर्ने निकायमध्ये अहिलेसम्म १२ हजार ९१५ वटा निकायले पान नम्बर लिएका छन् । असारसम्म करिब १० हजार निकायले मात्र पान नम्बर लिएका थिए ।

मूल्य अभिवृद्धि करमा दर्ता हुनेको सङ्ख्या पनि बढिरहेको अर्थ मन्त्रालयको तथ्याङ्कले देखाउँछ । मङ्सिरसम्म तीन लाख छ हजार ५७१ करदाता मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिन्छ । असारसम्म २९ हजार ७१४ करदाता मुअकरमा दर्ता भएका थिए । अन्तःशुल्कमा दर्ता हुने फर्मको सङ्ख्या दुई लाख २३ हजार ४०२ पुगेको छ । असारसम्म एक लाख चार हजार १८२ फर्म मात्र अन्तःशुल्कमा दर्ता भएको देखिन्छ । छोटो समयमै अन्तःशुल्कमा दर्ता हुनेको सङ्ख्या दोब्बरले बढेको तथ्याङ्कले देखाउँछ ।

# खेलकुद

## विश्वकप फुटबलमा १४ देश छनोट (सूचीसहित)

काठमाडौं । कतारमा हुने विश्वकप फुटबलमा हालसम्म १४ देश छनोट भइसकेका छन् । गएराति इरानले इराकमाथि १० को जित निकाल्दै एशियाबाट छनोट हुने पहिलो देश बनेपछि १४ देशले कतारको टिकट निश्चित गरेका हुन् । अयोजकको रुपमा कतार छनोट भइसकेको छ । यूरोप र दक्षिण अमेरिकाबाट पनि केही देशहरु छनोट भइसकेका छन् । अफ्रिकाबाट ५, एशियाबाट ४ सिधै र १ ले प्ले अफ, यूरोपबाट १३, उत्तर अमेरिका र क्यारेबियनबाट ३ र १ प्ले अफ, ओसेनियाबाट १ प्ले अफ र दक्षिण अमेरिकाबाट ४ सिधै र एक प्ले अफ गरी कुल ३२ राष्ट्र छनोट हुने फिफाको नियम छ । अन्तर महादेशीय प्ले अफमा एशियाबाट पाचौं हुनेले दक्षिण अमेरिकाको पाचौं हुने टोलीसँग प्ले अफ खेल्नेछन् । दुई चरणको प्ले अफमा गोलका आधारमा छनोट हुनेछ । उत्तर अमेरिकी महादेशको चौथो हुने देशले ओसेनियाबाट छनोट भएर आएको टोलीसँग दुई चरणको प्ले अफ खेल्नेछन् ।

१. कतार, २. जर्मनी, ३. डेनमार्क, ४. ब्राजिल, ५. फ्रान्स, ६. बल्जियम, ७. क्रोएशिया, ८. स्पेन, ९. सर्बिया, १०. इंग्ल्यान्ड, ११. स्विटजरल्यान्ड, १२. नेदरल्यान्ड्स, १३. अर्जेन्टिना र १४. इरान

## हरि खड्काविरुद्ध नक्कली प्रमाणपत्रमा अख्तियारद्वारा मुद्दा

काठमाडौं । नेपाली फुटबल क्षेत्रमा गौरवशाली नाम हो हरि खड्का । उनले देशका लागि महत्वपूर्ण गोलहरु गरेका छन् । राष्ट्रिय टोलीका पूर्व स्ट्राइकरले खेलाडी भएरै नेपाल प्रहरीमा जागिर खाए । प्रहरीमा छँदा खड्काले महेन्द्र पुलिस क्लबबाट खेले । पछि प्रशिक्षण पनि दिए । खड्काले प्रहरीमा शैक्षिक योग्यता आइएको झुट्टा प्रमाणपत्र पेश गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ । उनले माध्यमिक शिक्षा परिषद वाराणशी उत्तरप्रदेशबाट जारी भएको शैक्षिक योग्यता पेश गरेको र उक्त प्रमाणपत्र नक्कली रहेको भन्दै अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

## क्यानद्वारा फागुन १३ र १४ मा धनगढीमा वार्षिक साधारणसभा गर्ने

काठमाण्डौ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले कप्तान सन्दीप लामिछाने, पूर्व कप्तान ज्ञानेन्द्र मल्ल, उपकप्तान दिपेन्द्र सिंह ऐरीसहित ५ खेलाडीलाई सन् २०२२ को केन्द्रीय सम्झौतामा ग्रेड 'ए' मा अनुबन्ध गरेको छ ।

क्यानको रुपन्देहीमा हिजो बसेको बैठकले लामिछाने, मल्ल, ऐरी, सोमपाल कामी र करण केसीलाई ग्रेड 'ए' मा अनुबन्ध गर्ने निर्णय गरेको हो । त्यस्तै ग्रेड 'बी' मा कुशल भुर्तेल, आसिफ सेख, शरद भेषवाकर, आरिफ शेख, अविनाश बोहरा र विनोद भण्डारी रहेका छन् । त्यसैगरी ग्रेड 'सी' मा कुशल मल्ल, रोहित कुमार पौडेल, कमल सिंह ऐरी, विक्रम सोव, साहब आलम, सुशन भारी र पवन सर्राफ रहेका छन् । क्यानले मल्ल, ऐरी, कामी र कमल सिंहलाई सन् २०२२ को केन्द्रीय सम्झौतामा नराख्ने यसअघिको निर्णय फिर्ता लिएको छ । ओमान भ्रमणमा रहेका तर अनुबन्ध नरहेका खेलाडी विक्रम सोव, गुलसन झा र रोहित पौडेललाई प्रोत्साहन भत्ता स्वरूप जनही एक लाख रुपैयाँ दिने निर्णय गरेको छ । महिलातर्फ ग्रेड 'ए' मा कप्तान रुबिना छेत्री, सीता राना मगर, इन्दु बर्मा, काजल श्रेष्ठ र करुणा भण्डारी, ग्रेड 'बी' मा सरिता मगर, कविता कुँवर, अप्सरी बेगम, सरस्वती चौधरी, सबनम राई र ज्योति पाण्डे रहेका छन्। त्यसैगरी ग्रेड 'सी' मा डली भट्ट, कविता जोशी, सङ्गीता राई, रोमा थापा, अस्मिना कर्माचार्य, ममता चौधरी र बिन्दु रावल रहेका छन् । महिला खेलाडी ज्योति पाण्डेलाई ५० हजार रुपैयाँ प्रदान गर्ने र क्रिकेट खेलाडी ललित नारायण राजवंशीको उपचार खर्चका लागि एक लाख ५० हजार रुपैयाँ सहयोग गर्ने निर्णय कार्यवाहक सचिव प्रशान्त विक्रम मल्लले निकालेको प्रेस विज्ञप्तिमा उल्लेख छ । साथै क्यानले आउँदो फागुन १३ र १४ मा धनगढीमा वार्षिक साधारण सभा गर्ने निर्णय पनि गरेको छ ।

## मनाङलाई हराउँदै एपिएफ च्याम्पियन

काठमाडौं । २०औं संस्करणको आहा रारा गोल्डकप फुटबलको उपाधि विभागीय टोली एपिएफ क्लबले जितेको छ । पोखरा रंगशालामा शनिबार भएको फाइनलमा एपिएफले ६ पटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबलाई टाईब्रेकरमा ५-४ गोलले हरायो । एपिएफ पहिलो पटक च्याम्पियन बनेको हो । निर्धारित ९० मिनेट र अतिरिक्त समयमा खेल २-२ गोलको बराबरीमा सकिएपछि टाईब्रेकरमा एपिएफले बाजी मारेको हो । उपाधिसँगै एपिएफले १० लाख एक हजार रुपियाँ पुरस्कार पायो । उपविजेता मनाङले पाँच लाख एक हजार रुपियाँमा चित्त बुझायो । प्रतिस्पर्धात्मक खेलको निर्धारित समयमा एपएिफले सुरुवाती अग्रता लिएको थियो । २०औं मिनेटमा युवराज खड्काले गोल गर्दै एपिएफको उत्साह जगाउनुभयो । मनाङले दोस्रो हाफमा बराबरी गोल फर्कायो । ६७औं मिनेटमा मनाङका भारतीय खेलाडी दयानन्द सिंहले कप्तान विमल रानाको पासमा गोलगर्दै खेललाई बराबरीमा ल्याउनुभयो । ८४औं मिनेटमा फ्रान्कलिन टालाले हेड गोल गरेपछि मनाङ जिततर्फ अग्रसर बनेको थियो । तर इन्जुरी समयमा एपिएफका रबि थिङले हेडमार्फत गोल गर्दै खेललाई अतिरिक्त समयतर्फ लग्नुभएको थियो । अतिरिक्त समयमा गोल नभएपछि टाईब्रेकरमा एपिएफ भाग्यमानी बन्यो । टाईब्रेकरमा मनाङका रोजाईका स्ट्राईकर ओलावाले आफिज चुकेपछि शहिद स्मारक ए डिभिजन लिगमा रेलिगेसन जोगाउन संघर्षरत एपिएफले पहिलो पटक मोफसलको प्रतिष्ठित उपाधि चुम्न सफल भएको थियो । ओलावालेका प्रहारलाई एपिएफका कोरियल गोलरक्षक युया कोरियामाले बचाउनुभएको थियो । टाईब्रेकरमा एपिएफका नविन लामा, सनिस श्रेष्ठ, रवि थिङ, मणी लामा र अर्मान्ड विडोमले गोल गर्नुभयो । मनाङका फ्रान्कलिन टाला, दयानन्द सिंह, शिव गुरुङ र रुपेश केसीले गोल गर्नुभएको थियो ।

## विमल घर्ती मगरले गरेको एक मात्र गोलले नेपाल विजयी

काठमाडौं । विमल घर्ती मगरले गरेको एक मात्र गोलमा पहिलो मैत्रीपूर्ण खेलमा नेपालले मोरिससलाई १-० ले हराएको छ । शनिबारदशरथ रंगशालामा भएको खेलमा ५४ औं मिनेटमा अन्जन विष्टको पासमा विमल घर्ती मगरले गोल गर्नुभएको थियो । २६ महिनापछि राष्ट्रिय टिममा फर्केका विमलले पुनरागमन गरेको पहिलो खेलमै गोल गर्नुभएको हो ।

सन् २०१९ नोभेम्बरमा म्यानमार विरुद्ध पछिल्लो पटक राष्ट्रिय टिममा खेलेका विमल प्रतिवन्ध र चोटका कारण दुई वर्ष राष्ट्रिय टिमबाहिर रहनुभएको थियो ।

## पर्वतारोहण........

नगरपालिका वडा नम्बर दुईका अध्यक्ष रामचन्द्र क्षेत्री, नेपाल कुष्टरोग निवारण संघका प्रशासकीय अधिकृत जितबहादुर हमाल र एनएमएका अध्यक्ष सन्तवीर लामाले कपडा र स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका थिए ।

यस्तै, एनएमएका महासचिव कुलबहादुर गुरुङ, सचिव टीकाराम गुरुङ, कोषाध्यक्ष शुदर्शन न्यौपाने, सचिवालय सदस्यहरु सिङ्गी लामा, दीपेन्द्र पाण्डे र शीवबहादुर सापकोटा तथा केन्द्रीय सदस्यहरु सार्की तामाङ, पासाङ भोटे र सञ्जिव गुरुङ, प्रमुख कार्यकारी अधिकृत कुल प्रशाद राईले पनि कपडा र स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका थिए ।

सहयोग प्राप्त गरेपछि क्याम्पमा आश्रीत व्यक्तिहरुले खुसी व्यक्त गरे । 'निप्पोन फाउण्डेशन र एनएमएका अध्यक्षज्युले हामीलाई सहयोग गर्नुभएको यो पहिलो पटक हैन । यसअघि पनि उहाँहरुले हामीलाई धेरै नै सहयोग गर्नुभएको छ', क्याम्पमा लामो समयदेखि आश्रीत कुष्ट रोगबाट ग्रसित उमाप्रशाद तिवारीले भने, 'यो सहयोग वापत तपाईहरुलाई दिन हामीसँग केही छैन । यहाँहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।'

एनएमएका अध्यक्ष लामाले यो सहयोगले आश्रममा आश्रीत व्यक्तिहरुलाई सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'म यस्तै कार्यक्रम लिएर यो क्याम्पमा धेरै पटक आएको छु । यस पटक पनि द निप्पोन फाउण्डेशनकै कारणले यहाँ आएको छु,' अध्यक्ष लामाले भने, 'द निप्पोन फाउण्डेशनका श्रदेय अध्यक्ष योहेई शासाकाव र कर्मचारीहरुको माया हामीले धेरै पहिलेदेखि नै पाइरहेका हौं । यो सहयोगले तपाईहरुलाई यो जाडो मौसममा केही सहयोग पुग्छ भन्ने विश्वास लिएको छु ।'

जुममार्फत कार्यक्रममा सहभागी भएका द निप्पोन फाउण्डेशनका वरिष्ठ निर्देशक सेको मासातोले पनि सहयोग महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । 'कुष्ट रोग निवारणको अभियानमा द निप्पोन फाउण्डेशनले लामो समयदेखि काम गर्दै आइरहेको छ ।

यो हाम्रा लागि साच्चिकै महत्वपूर्ण काम हो', निर्देशक मासातोले भने, 'हामीलाई विश्वास छ कि यो सहयोग यहाँहरुको दैनिक जिवनमा महत्वपूर्ण सावित हुने छन् ।'

कार्यक्रममा जुममार्फत द निप्पोन फाउण्डेशनका निर्देशक कार्यक्रम निर्देशक माकोटो वाडा र कार्यक्रम अधिकृत रेमी मामुदा पनि सहभागी भएका थिए ।

नेपाल पर्वतारोहण संघले यही परियोजनाअन्तर्गत अर्को महिना कोरोना भाइरस (कोभिड(१९) महामारीबाट प्रभावित तीन हजार पर्वतारोहीहरुलाई खाद्यान्न राहत वितरण गर्ने उक्त कार्यक्रमा बताइएको थियो ।

## देश......

शिक्षाहरु कसले बनाउछ कुन्नी त्यही राजा महेन्द्रले गरेको विकासलाई नलेखेर तानाशाही भनेर उल्लेख गरेको पाइन्छ । यो इतिहास बग्याएको बिषयबाट पनि नेपालका राजनीतिक दल अरुनै शक्तिको स्वार्थमा चलेको देखाउँछ ।

२०३६ सालको जनमत संग्राह र २०४६ सालको परिवर्तन फरक फरक कोणबाट आएपनि नेपाललाई अस्थिर अवस्थामा राखेर छिमेकी भनिएको राष्ट्र भारतले २०४६ सालको आन्दोलनलाई नेपालका उपद्रो मच्चाउने दलहरुलाई सहयोग गरेबाट प्रष्ट हुन्छ ।

नेपालमा पहिलो जनआन्दोलन समेत भनिएको आन्दोलनबाट बनाएको २०४७ सालको परिवर्तन पछि महेन्द्रकालीन शासनकालमा स्थापना भएका नेपालका उद्योग कलकारखाना निजीकरणको नाममा बन्द गराएका थिए । त्यो देश र जनता बिरुद्धको काम थियो ।

यस्ता परिवर्तन पछि एकपछि अर्को गर्दै देशका उद्योग कलकारखाना बन्द गराउने र नेपालका युवा, मज

दुरहरुलाई काम बिहिन बनाएर देशको राष्ट्रिय अर्थतन्त्र व्यापार घाटामा पुऱ्याउने काम २०४६ सालपछि नै भएको हो । देशमा शान्ति अमन चयन भयो भने जति समस्या परेपनि मानिसहरु आफै काम गरेर बाँच्न सक्छन् । तर २०५२ सालबाट नेकपा माओवादीले नेपालको सामान्तवाद समाप्त पार्ने जनयुद्ध सञ्चालन गरेपछि दुवैतर्फबाट नाममा हजारौ मानिसहरुको हत्या भएको थियो । जसलाई आमुल परिवर्तन भनिएको थियो ।

जसको तालासाँचो भारतमा भएको कारण भारतको नयाँ दिल्लीमा सातबुँदे सम्झौता गरेर नेपालको राजतन्त्रको अन्त्य घोषणा गरेका थिए ।

माओवादीहरुको जनयुद्धकालमा पुलपुलेसाका विकासको मुल फुटाउन भनेर जनतालाई सांस्कृतिक कार्यक्रम गरेर देखाउथे । तर उनीहरु सत्तामा आएपछि ती निमुखा जनताका छोराछोरी लालसेना र कमिशारको नाममा बन्दुक बोकाएकाहरु बेरोजगार भए । त्यही समयमा सिकिमलाई जस्तै नेपाल-भारतले अस्थिरताको चरम रुपमा भएको वेला पारेर अस्थित्व मेटाउन खोजेको थियो । भलै नेपालका बुद्धिजीविहरुको समयमै सुझबुझ गरेर त्यो खतरावाट टरेको थियो ।

संविधानसभाको निर्वाचन दुई पटक गरेर बल्ल-बल्ल संविधान निर्माण गरिएको थियो । २०७२ समाजवाद उन्मुख गणतान्त्रिक संविधानले संघिय प्रणाली लागु गरेपछि तीन तहको निर्वाचन भएको थियो ।

त्यो निर्वाचित भएर आएका जनप्रतिनिधिहरुले देशलाई आत्मभिर बनाउनुको सट्टा नेपालको पहिलो राणाकालीन विराटनगर जुटमिलको इटासमेत बिक्री गरेर देश बिरोधी कार्य गरेको देखियो ।

अहिले संविधान बनेर संविधानले उल्लेख गरेको हरेक पाँच बर्षमा स्थानीय, प्रदेश, प्रतिनिधिसभाको निर्वाचन गराउने बिषयलाई राजनीतिक दलहरुले आफ्नो अनुकुल स्वार्थमा अभिव्यक्ति दिइरहेका छन् ।

जनताले खोजेको परिवर्तन एउटा छ । राजनीतिक दलहरुको स्वार्थ अर्को छ । यस्तो चलनले नेपालले विकास गर्ने सपना देख्न त सकिन्छ । तर बन्ने बनाउने चै कहिले हो टुङगो नभएको वर्तमान हो ।

## एमसीसी....

यसबारे बोलिसकेका छन् । एमाले सभामुख हटाएमा एमसीसी पारित गर्न तयार देखिएको छ । यसले सभामुख सापकोटामाथि पनि चुनौती बढेको छ ।

विगतमा एमसीसी टेबुल गर्न नमानेको भन्दै ओलीले कृष्णबहादुर महराको खुलेरै आलोचना गरेका थिए । तत्कालीन सभामुख महराले एमसीसी निर्णयार्थ संसदमा प्रस्तुत गर्न तयार नभएर रोकेका थिए । एमसीसी त्यतिबेला टेबुल नभएको दोष महरालाई लाग्यो ।

सभामुख सापकोटा अहिले नेकपा एमालेको तारो बनेका छन् । नेकपा विभाजन हुनुलाग्दा नेकपा एस बनाउन लागेका माधवकुमार नेपालसहित १४ सांसदलाई पदमुक्त गर्ने निर्णय गरेर एमालेले संसद सचिवालयमा दर्ता गरेको थियो । तर, सभामुख त्यो दिनदेखि बिदामा बसे । एमाले फुटाएर नेकपा एस बनाउने निवेदन दर्ता भएपछि बल्ल उनी संसद सचिवालय पुग्न थाले । त्यसकारण एमालेले सभामुख सापकोटालाई एमाले विभाजनको मतियारको आरोप लगाएको छ । अदालतमा मुद्दा समेत दर्ता गरेको छ । सापकोटाकालाई सभामुखबाट हटाउनुलाई ओलीले प्रतिष्ठाको विषय नै बनाएको देखिदैछ ।

यतिबेला एमसीसीको मुद्दा अगाडि आउँदा एमालेका लागि उपयुक्त अवसर देखिएको छ । प्रचण्ड एमसीसी रोक्न सफल नभएमा पारित गर्नुपर्ने वाध्यतामा पर्न सक्छन् । उनी एमसीसीको विपक्षमा उभिने सम्भावना पनि छ । त्यसले गठबन्धन टुट्न सक्छ । एमसीसीलाई टेबुल गर्नबाट नै रोक्न खोजेमा भने सभामुख सापकोटाको पद धरापमा पर्न सक्छ । उनीविरुद्ध एमसीसी पक्षधरहरुले महाभियोगको अस्त्र समेत तयार गरिसकेका छन् ।

संविधान अनुसार प्रतिनिधि सभाको हाल रहेको सदस्य संख्याको २५ प्रतिशतले महाभियोग लगाउन सक्ने प्रावधान छ । पारित गर्न दुई तिहाई मत आवश्यक पर्छ । नेकपा एमाले, नेपाली काँग्रेस, जसपा वा लोसपा मिलेमा सभामुखविरुद्धको महाभियोग प्रस्ताव पारित हुनसक्छ ।

## देउवा......

छ । नेपालीको टीठले एमसीसी दिएको होइन ।

पार्टीले अनिश्चितकालका लागि साढे दुई वर्ष अघि नै किक आउट गरिसकेका व्यक्तिले जनमोर्चा विभाजनको अफवाह फैलाएको आरोप पनि उनले लगाए । नेता केसीले भने, हामीले उहिल्यै हटाइसकेका व्यक्तिहरु हुन् ।

गुट बनाउने र कसले मिसाउँछ भनेर च्याँखे थाप्नेहरुका कारण राष्ट्रिय जनमोर्चा कमजोर हुन्छ ? त्यस्तो कल्पना कसैले पनि नगरे हुन्छ ।

## काभ्रे.....

सूचीकृत भई सम्झौतासमेत नगर्नेको नाम माग गरेको थियो ।

हालै सहरी विकास मन्त्रालयमार्फत आएको परिपत्रअनुसार आवास निर्माण अनुदानमा म्याद थप गरिएको प्रक्रिया अन्तर्गत सम्झौता गरेको तर आवास निर्माण गर्न बाँकीले मात्रै अब कबुलियत गरी 'म आउँदो फागुन महिनाभित्र घर बनाउछु' भनेर स्थानीय जनप्रतिनिधि सँग प्रतिबद्धता जनाउनुपर्ने भएको निरौलाले बताए ।

उनले भने, 'प्राधिकरणबाट लाभग्राहीमा सूचीकृत भएको तर सम्झौता नगर्नेको पाँच हजारभन्दा बढीको सूची पठाइएको थियो, सोही अनुसार लाभग्राही सूचीबाट हटाइएको हो ।'

प्राधिकरणले पुन:निर्माणका लागि पहिलो किस्ता नलिएकाको पनि लाभग्राही सूचीबाटै हटाउने निर्णय गरेपछि उसले पुन: २०७८ साल कात्तिक मसान्तभित्र आवास अनुदान लिएर घर बनाइसक्नु पर्ने गरी गत असारमा म्याद थपेको थियो । यसअघि सम्झौता भएका भूकम्पपीडितले मात्रै प्रतिबद्धता जनाएर आवास पुन:निर्माणको प्रथम किस्ताबापतको रु ५० हजार लैजान पाउनेछन् । दोस्रो किस्ताबापत एक लाख ५० हजार तथा तेस्रो किस्ताबापतको एक लाख रकम आवास पुन:निर्माण सकेपछि दिने नीति छ ।

हालसम्म जिल्लामा निजी आवास पुन:निर्माणमा सूचीकृत भएका ८४ हजार ६९० भूकम्पपीडित परिवारमध्ये पाँच हजार ३७२ सम्पर्कमा नआएका हुन् । जिल्लास्थित भवन तथा आवास कार्यालयका अनुसार ७९ हजार ४४० आवास पुन:निर्माणका लाभग्राहीमध्ये हालसम्म ६५ हजार ८७६ लाभग्राहीले निजी आवास पुन:निर्माण गरेका छन् ।

पहिलो किस्ताबापतको रु पचास हजार लिएकामध्ये ८७ दशमलव ३६ प्रतिशत लाभग्राहीले मात्रै दोस्रो र ८३ प्रतिशतले घर निर्माण सकेर तेस्रो किस्ताको रकम लिएका छन् । दुई हजार ४०१ लाभग्राहीले विभिन्न गैरसरकारी संस्थाबाट अनुदान रकम लिएर घर बनाएको निरौलाले जानकारी दिए ।

कार्यालयले तेस्रो किस्ताबापतको रकम भूकम्पीडितले बुझेको आधारमा काभ्रेपलाञ्चोकमा ८३ प्रतिशत आवास पुन:निर्माण सकिएको जनाएको छ ।

कार्यालयमा हालसम्म स्वेच्छिक रुपमा ५२ जनाले आवास पुन:निर्माणको पहिलो किस्ताबापतको रकम फिर्ता गरेका छन् भने सङ्घ संस्थामार्फत आवास पुन:निर्माण गरेका १६६ जनाको बैंक खाताबाट रकम फिर्ता गराइएको छ ।

सङ्घ संस्थाको सहयोगमा निजी आवास पुन:निर्माण गरेकालाई सरकारको आवास अनुदान नदिइने प्रावधान थियो । कार्यालयका अनुसार जिल्लाको भुम्लु गाउँपालिकामा सबैभन्दा बढी आवास पुन:निर्माण भएको छ ।

६ हजार २६१ लाभग्राहीमध्ये ९३ प्रतिशत अर्थात् पाँच हजार ५६९ ले निजी आवास निर्माण सकेका हुन् । सबैभन्दा कम बनेपा नगरपालिकामा ७१ दशमलव छ प्रतिशतले मात्रै घर निर्माण सकेका छन् ।

यसैगरी, धुलिखेल नगरमा चार हजार ३६२, मण्डनदेउपुर नगरमा आठ हजार ५९, नमोबुद्ध नगरमा पाँच हजार ३५९, पाँचखाल नगरमा आठ हजार १६८, पनौती नगरमा छ हजार ५४८ ले घर निर्माण गरिसकेका छन् । यस्तै, बेथानचोक गाउँपालिकामा तीन हजार ३४०, चौंरीदेउरालीमा पाँच हजार ४८२, खानीखोलामा दुई हजार ५५२, महाभारतमा दुई हजार ७१९, तेमालमा तीन हजार ९३१ र रोशी गाउँपालिकामा पाँच हजार ५० ले घर निर्माण सकेर अन्तिम किस्ता बुझेका छन् ।

# बलात्कारका दुई मुद्दामा उच्च अदालतले उल्ट्यायो जिल्लाको फैसला

डोटी । बलात्कारका दुई मुद्दामा जिल्ला अदालतले गरेका फैसला उच्च अदालत दिपायलले उल्टाएको छ । कैलाली र बझाङ जिल्ला अदालतले गरेका फैसला उच्च अदालतले उल्टाएको हो । रितु कुमारी (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार वादी र राजु बोहरा प्रतिवादी भएको बहुविवाह र जबरजस्ती करणी मुद्दामा बझाङ जिल्ला अदालतले प्रतिवादीलाई सफाइ दिएको थियो ।

२०७७ असार १५ गतेको जिल्ला अदालतको फैसला अनुसार अनुसन्धानमा बुझ्दै जाँदा घरमा श्रीमती हुँदाहुँदै प्रलोभनमा पारी झुक्याई जबरजस्ती करणी समेत गरेको भन्ने वस्तुनिष्ठ प्रमाण र पुष्टि गर्न नसकेको भन्दै प्रतिवादीले सफाई पाएका थिए । आइतबार उच्च अदालत दिपायलले सो फैसदा उल्टाउँदै प्रतिवादी बोहरालाई १२ वर्ष कैद हुने ठहर गरेको छ । साथै पीडितलाई पाँच लाख क्षतिपूर्ति भराउने फैसला समेत गरेको छ । उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश जगतबहादुर थापाको संयुक्त इजलासले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३)(घ) बमोजिम १२ वर्ष कैद र सोही संहिताको दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितलाई पाँच लाख क्षतिपूर्ति भराउने गरी फैसला गरेको हो । यस्तै सुस्मिता (नाम परिवर्तित) को जाहेरीले नेपाल सरकार वादी रहेको एक मुद्दामा कैलाली जिल्ला अदालतले एक वर्ष पाँच महीना कैद र पन्ध्र हजार जरिवानाका साथै पच्चीस हजार क्षतिपूर्ति हुने गरी गरेको फैसला पनि उच्च अदालतले उल्टाएको छ । सो मुद्दामा बीस वर्ष कैद र पाँच लाख क्षतिपूर्ति भराउने फैसला गरेको छ ।

आफ्नै सौतेनी बुवाले सात वर्षकी नाबालिकालाई घरमा कोही नभएका बेला बारम्बार जबरजस्ती करणी र हाडनाता करणी गर्ने गरेको भन्ने जाहेरीमा जिल्ला अदालत कैलालीले हाडनाता करणीमा दावी नपुग्ने भन्दै जबरजस्ती करणीतर्फ मात्रै मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(३) बमोजिम एक वर्ष पाँच महीना कैद गरेको थियो । आइतबार उच्च अदालत दिपायलका कायममुकायम मुख्य न्यायाधीश कुँवर र न्यायाधीश थापाको संयुक्त इजलासबाट मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(क) बमोजिम बीस वर्ष कैद र पाँच लाख क्षतिपूर्ति भराउने गरी फैसला भएको उच्च अदालत दिपायलले जानकारी दिएको छ ।

# अन्तराष्ट्रिय समाचार

## ताइवानसँग वार्ता नगर्न अमेरिकालाई चीनको आग्रह

चीनले ताइवानसँग कुनै पनि वार्ता नगर्न अमेरिकालाई आग्रह गरेको छ ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिस र ताइवानका उपराष्ट्रपति लाई चिङ्ग तेबीच वार्ता भएपछि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले सो आग्रह गरेको बीबीसीले जनाएको छ । मिडिया रिपोर्टका अनुसार होन्डुरसका राष्ट्रपतिका शिमोरा कास्त्रोको समारोहमा अमेरिकी उपराष्ट्रपति ह्यारिस र ताइवानका उपराष्ट्रपति तेबीच संक्षिप्त कुराकानी भएको थियो । सो क्रममा उनीहरुबीच साझा हित र अवैध घुसपैठलाई रोक्ने विषयबारे कुराकानी भएको बताइन्छ ।

अमेरिकी उपराष्ट्रपति ह्यारिसले सो क्रममा चीनको विषयमा कुनै छलफल नभएको बताएकी छन् । त्यसअघि उनले मिडिया कुराकानीको क्रममा होउन्डुरसमा ताइवानको नेतृत्वसँग भेट्ने कुनै योजना थिएन भनेकी थिइन् ।

## भारतले फिलिपिन्सलाई ४५ अर्ब बराबरको क्षेप्यास्त्र बेच्ने सम्झौता

भारतले फिलिपिन्सलाई ब्रह्मोस क्षेप्यास्त्र बिक्री गर्ने सम्झौता भएको छ । शुक्रबार भारतको रक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै क्षेप्यास्त्र बिक्री गर्ने सम्झौता भएको जनाएको हो । मन्त्रालयका अनुसार ब्रह्मोस एरोस्पेस प्राइभेट लिमिटेड (बीएपीएल) र फिलिपिन्सको राष्ट्रिय सुरक्षा




विभागबीच आज ब्रह्मोस क्षेप्यास्त्रका तीनवटा ब्याट्री (क्षेप्यास्त्रजडित उपकरण) किन्ने सम्झौता भएको हो । दुबै मुलुकबीच झण्डै ३७५ मिलियन अमेरिकी डलर (४५ अर्ब १२ करोड नेपाली रुपैयाँ) बराबरको सम्झौता भएको भारतीय सञ्चार माध्यमले जनाएका छन् । औपचारिक सम्झौता भए पनि फिलिपिन्सले डिसेम्बर ३१ गते नै क्षेप्यास्त्र खरिद सम्झौता अघि बढाउने बताएको थियो । सम्झौतासँगै फिलिपिन्स भारतमा बनेको क्षेप्यास्त्र खरिद गर्ने पहिलो मुलुक बनेको छ । तर, भियतनाम र थाइल्याण्डसहितका अन्य दक्षिण-पूर्वी एसियाली मुलुकले समेत ब्रह्मोस क्षेप्यास्त्र खरिद गर्ने रुचि देखाएको पाइन्छ । फिलिपिन्नसँग भएको क्षेप्यास्त्र खरिद सम्झौतालाई भारतका लागि निकै महत्वपूर्ण मानिएको छ । किनभने योसँगै महत्त्वपूर्ण रक्षा उपकरण निर्यात गर्ने भारतको सपनाले केही सार्थकता पाएको छ ।

साउथ चाइना सीलाई लिएर चीनसँग सम्बन्ध चिसिँदै गइरहेका बेला फिलिपिन्सले ब्रह्मोस क्षेप्यास्त्र खरिद गर्न लागेको हो । यही कारण सम्झौताले फिलिपिन्सको हकमा समेत महत्त्व राख्छ ।

ब्रह्मोस क्षेप्यास्त्र मध्यम दूरी अर्थात् ३०० देखि ५०० किलोमिटरसम्म मार हान्न सक्ने सुपरसोनिक क्रुज मिसाइल हो । लडाकु जहाज र पनडुब्बीबाट समेत पानीजहाजलाई निशाना बनाउन सक्ने यो क्षेप्यास्त्रलाई भारतको डिफेन्स रिसर्च एण्ड डेभेलपमेन्ट अर्गनाइजेशन (डीआरडीओ) र रुसको एनपीओ माशिनोस्ट्रोयनियाले संयुक्त रुपमा विकास गरेका हुन् । हाल भारतको ब्रह्मोस एरोस्पेसले उक्त क्षेप्यास्त्र उत्पादन गर्छ ।

## रुसले युक्रेनमा हमला गर्ने बाइडेनको चेतावनी

अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसले फेब्रुअरी महिनामा युक्रेनमाथि हमला गर्न सक्ने चेतावनी दिएका छन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग भएको टेलिफोन कुराकानीमा बाइडेनले आउँदो महिना रुसले हमला गर्न सक्ने 'प्रस्ट संभावना' रहेको भन्दै चेतावनी दिएका हुन् । अमेरिकाले युक्रेन संकटबारे राष्ट्रसंघीय सुरक्षा परिषद्मा छलफल गर्न चाहेको बेला उनले जेलेन्स्कीलाई यस्तो चेतावनी दिएको ह्वाइट हाउसले जनाएको छ ।

यसैबीच, बाइडेन र जेलेन्स्कीबीचको टेलिफोन कुराकानी सोचे अनुसार राम्रो नभएको युक्रेनका एक अधिकारीले बताएका छन् । रुसी हमलापछि उत्पन्न हुन सक्ने जोखिमको मात्रालाई लिएर दुबै राष्ट्रपतिबीच मतभेद



भएको ती अधिकारीलाई उद्धृत गर्दै सीएनएनले लेखेको छ ।

तर ह्वाइट हाउसले भने युक्रेनी अधिकारीको भनाईलाई खण्डन गर्दै अज्ञात स्रोतले भ्रम फैलाएको आरोप लगाएको छ । पछिल्लो समय युक्रेनलाई लिएर पश्चिमा मुलुक र रुसबीच जारी तनाव उत्कर्षमा पुगेको छ । रुसले युक्रेनमा हमला गर्ने उद्देश्यसहित सीमानामा १ लाख बढी फौज तैनाथ गरेको अमेरिका र नेटो गठबन्धनले बताएका छन् । तर रुसले भने युक्रेनमाथि हमला गर्ने कुनै योजना नरहेको भन्दै आफ्नो भूमिमा सेना तथा हतियार तैथना गर्ने अधिकार रहेको बताउँदै आएको छ । तनाव उत्कर्षमा पुगिरहेका बेला अमेरिकी अधिकारीहरूले रुसले युक्रेनमा आक्रमण गरे रुसी ग्यासलाई पश्चिमी युरोपमा पठाउन बनाइएको प्रमुख पाइपलाइन खुलाउने प्रक्रिया अवरुद्ध पार्ने बताएका छन् । नोर्ड स्ट्रिम टु पनि भनिने उक्त पाइपलाइन सञ्चालनमा अवरोध गर्ने अधिकारीहरूको भनाइ छ । 'रुसले कुनै पनि तरिकाले युक्रेनमाथि हमला गऱ्यो भने नोर्ड स्ट्रिम टु अघि बढ्ने छैन र म यो कुरा प्रस्टसँग भन्न चाहन्छु', अमेरिकी विदेशमन्त्रालयका प्रवक्ताले भने ।

एजेन्सीको सहयोगमा

# कथा......



डा. अमर कार्की

शिर्षक: श्रीमती चिट्ठा

आइ लभ यु !

भनेको पनि त्यत्ति हो । मरिजाउ त्यो भन्दा एक शब्द बढि बोलेको भए । त्यति जाबो तिनवटा शब्दको लागि त्यत्रो बखडा निकाल्नु पर्थ्यो त माहाभारत नै मच्चाउनु पर्थ्यो त भन्या । मलाई गहुँ बारीबाट खेद्नु हुन्थ्यो तिमीलेरु हेर त्यो टुकुचा साहुले उसको गहुँ ध्वस्त पार्यो भनेर मलाई एक महिना पछि पनि हर्जना तिरायो। त्यसले गर्दा मेरा कति रात झिमिक्क नगरी कटे । पेटमा अन्नका गेडा परेनन् । तिमीले घरमा बस्न खान बस्न दिएको भए पो खाने सुत्ने कुरा हुन्थ्यो । स्याल जस्तो गहुँ बारी र काँडाघारी लुकेर बिते कयौं दिन र रातहरु। के म स्याल हो ? त्यति गर्दा नि एक दिन त भेटेर थला पर्ने गरि चुट्यौ है तिमीले मलाई ! पिट्दा पिट्दा आफै थाकेर छोडेका रे भन्थिन मेरी आमाले । तिन दिन पछि होस आउदा त जिउ दुखेर छुनै नहुने । झन्डै मारेको । तिमी यमराज हो ? आफ्नै श्रीमतीलाई आइ लभ यु भन्दा नि त्यस्तो सजाय दिने ठाउँमा कसरी बस्नु भनेर हिडेको म। अहिले पनि उ त्यो लेकमा हिउँ पर्ना साथ बायाँ तिरका करङ कर कर खान्छ । अनि सम्झी सम्झी मन दुख्छ । मन दुखे पछि एक दुइ प्याग लाउन मन लाग्छ ।

यसो भन्दै उ फेरि एक गिलास स्वाट्ट पार्छ र गिलास टेबलमा बजार्छ । सँगै उभिएको उसको जेठान डिच्च बत्तिसा देखाउदै भन्छ के गर्नु त ज्वाइँ, त्यतिबेला हजुर हाम्रो कोही न कोही ? बहिनीको माया लागेर नि ।

उसलाई झनै पारो चढ्छ । एक [illegible] चाहियो ।

सरिताले तिमीलाई लाग्यो अब ल हिड सुत्न बुढा भन्छे र घिच्याउदै कोठातिर लान्छे रमेसलाई ।

टेनिसी राज्यको नक्सभिल अबस्थित रमेस र सरिताको घरमा हरेक पटकको जमघट हुँदा यो दृश्य दोहरिन्थ्यो । तर आज सरिताले त्यसो गरिन । उसले रमेसले ओकली रहेको आगोमा घिउ थपी हो नि त हजुरले त्यस्तो अत्याचार गर्नु हुन्थ्यो मेरो बुढालाई ?

मलाई चाहिँ खास कुरो के होला भन्ने खस खस भैराख्दथ्यो । तर सोध्ने आँट कहिले गरिन । आज सरिताको हातमा पनि वाइनको ग्लास देखेपछि मलाई लाग्यो यिनका कुरा थुत्ने मौका यही हो । हैन सरिता रमेसले भनेको कुरा साँच्चै हो र भन्या ? मैले आफ्नो उकुसमुकुस फुकाए ।

सधै खिस्स हासेर टार्ने सरिताले आज रमेसको हात आफ्नो हातमा राख्दै भाबुक भएर कुरोको चुरो यसरी खोली एउटै गाउँमा जन्मि हुर्केको हामी। म अलि हुने खाने परिवारको छोरी तर उ गरिबको छोरो । म पक्की घरमा बस्ने तर उ खरको छानो मुनी । तैपनि आँट गरेर २० बर्ष अघि उसले मलाई आइ लभ यु भनेको थियो । यो खबर खरको छानो भएका माटाका घरहरुमा धुवाँको मुस्लो झै फैलियो र मेरो घरको झिङ्गटिको छानोलाई छेडेर भित्रै पस्यो । धुवाँ भएर पस्यो तर त्यो आगोको ज्वाला भएर निस्कियो मेरो घरबाट । अनि त्यहि भयो जे जे उसले अघि बेहोसीमा भनेको थियो ।

मैले पुलुक्क उसको दाजु तिर हेरे । पोल्न हालेको कुखुराको साप्रालाई चिम्टाले ओल्टाउदै पल्टाउदै बिरेन्द्रले भन्यो के गर्ने त अब तेरै हितको लागि त हो नी त्यो सबै गर्नु परेको ।

एक क्षण मौनता छायो त्यहाँ तर मेरो कौतुहलता भने झनै बढेर आयो । अनि कसरी भो त बिहे ? मैले नै कोट्टयाए फेरि ।

एक दिन मरै केटोले रमेसलाई डि भि परेको खबर लेरायो। मान्छे राम्रै हुन् अब अमेरिका गए पछि त बहिनीको नि भाग्य खुल्छ भनेर बिहे गर्छौ त हाम्रो बहिनी सँग भनेर सोधे। उनले हुन्छ भने पछि आफैले सबै खर्च लाएर बिहे गरिदियौ । यति भनेर बिरेन्द्र चुप भयो । यतिबेला भने उसको अनुहार पाकेको गोलभिँडा झै रातो भयो ।

त्यो २० बर्ष अघिको घटना थियो तर उनीहरु डि भि परेर यता आएको त बल्ल दस बर्ष भएको थियो । मलाई भने के नमिले के नमिले जस्तो लागेर प्याच्च सोधिहाले आइ लभ यु भनेको दस बर्ष पछि को हो बिहे कान्ड ?

बिरेन्द्र त बोलेन तर सरिताले अलि ब्यङ्ग गरे झै बोली हैन त्यही बर्ष नै हो जबरजस्ती उसलाई भिराइदिएको म । अहिले लाज लाग्यो होला नि दाइलाई ?

म भित्र जान्छु है भनेर बिरेन्द्र तर्कियो । तर सरिताले कुरा खोल्दै गई । जसरी आइ लभ यु भनेको कुरा धुवाँ झै फैलेको थियो त्यसैगरी चिट्ठा परेको समाचार पनि एक कान दुइ कान हुदै सरिताको बाउको कान भै गो उत्निखेरै । त्यसपछि उनले छोरालाई आदेश दिइ हाले । बिरेन्द्र सोध्नु न खोज्नु पुगि हाल्यो बहिनीलाई अमेरिका पठाउन ।

हुनेवाला जेठानले एक्कसी घरमै आएर ए रमेस चिट्ठा पर्यो भनेको हैन तलाई ? अब आइ लभ यु भनि हालिस ल सरितालाई पनि लैजा सँगै हुरुरुरु उतै बिहे गरेर भनेर थर्काए पछि रमेस झस्कियो। यो कंसले नि थाहा पाएछ मलाई चिट्ठा परेको तर अस्ती मात्र करङ भाच्ने गरि गोद्नेले आज यसरी जबरजस्ती बहिनी भिडाउन लागेको भने उसले बुझेन । यसरी चैते हुरी झै अचानक आएको बिहेको प्रस्ताबमा पक्कै केही खुराफाती छ भन्ने लागे पनि डरले उसको बोली फुटेन । यो चैतमा नि बिहे हुन्छ र बिर दाइ ? उसले थरथराउदै भन्यो। अहिले नै बाजा बजाउने हैन् । कागज चाहिने त हो । यसो गरम पर्सी गएर गा बि स बाट सिफारिस लिउँ अनि सोमबार जिल्ला कार्यलय गएर बिहे दर्ता गराउँ । अब यो जग्गे घुम्ने र गाउँलेलाई भत्तेर खुवाउने काम त बैसाखमा गरौला नि । दाजुले सबै योजना बताए । रमेसले आफ्नो आमा र काकाहरु सँग सल्लाह गर्नु पर्छ भन्दा दाइले चिप्लो घसे हे लाटा यो सबै गुपचुप गर्नु पर्छ । तेरो काकाहरुले सुइको पाए भने त भाड्छन् ।

तिनै त डाहाले जल्छन नि। अस्तिनै त्यो तेरो टारी खेत झन्डै ख्वापलाक्क पार्न लाको बिर्सिस ? हाम्रा बाले मालपोतको हाकिमलाई नभन्देको भए भोकै मर्थिस त हो कि हैन भन त ? अहिले आमालाई नि नभन। काम सके पछि सबैलाई थाहा भै हाल्छ नि। खसिको मासुको झोल र भात टपरीमा परे पछि सब दङ्ग हुन्छन ।

फकाएको हो कि धम्काएको हो नबुझे पनि हातमा आको माछो फुत्काउन मन लागेन रमेसलाई। उ लोभियो । घुटुक्क थुक निल्यो र हस भनेर हुनेवाला जेठानको पछि लाग्यो ।

सरिताले त राम्रो सँग कुरो बुझेको पनि थिइन। घरका सबैले अमेरिकामा उसको चम्किन लागेको भाग्यको बखान गर्दै दाजु सँग जान सल्लाह दिए । लभै नपरे पनि मन त पर्थ्यो यो काले केटो उसलाई। चिची पनि पापा पनि मिल्ने सपना देख्दै उ दाजुको पछि लागी। हाकिमको अगाडि रमेस र सरिताले दाजुको हो मा हो मिलाए । उनीहरुले भनेको कागजमा ल्याप्चे ठोके र सहीछाप पनि गरे । बिरेन्द्र र उसकै धुपौरेहरु साछी भए । त्यति भए पछि ग्रीन कार्ड नै दिए झै बिहेको प्रमाणपत्र बहिनी ज्वाइँको हातमा राखिदिए दाजुले । यो कुरा अहिले नभन्नु है कसैलाई भनेर दाइले किटाएकोले उनीहरु दुबै चुप थिए । तै पनि रमेसले हिम्मत गरेर दाइ अब त हामी लोग्ने स्वास्नी भैसक्यौ मेरै घर लिएर जान्छु है सरितालाई भन्यो। सरिता पनि खुशि भई र उत्सुक पनि। उसले पनि उतै जाने मनसाय देखाए पछि उसका बाउ आमाले ठिकै छ नि त मोही माग्नु ढुङ्गो किन लुकाउनु अब आफ्नो काम बनिगो भनेर स्विकृति दिए। त्यसपछि उनीहरुलाई रमेसको घर सम्म पुर्याउन जाँदा चिया पसलमा गफ चुटिरहेका बेगारी देखि चौतारामा भारी बिसाएर सुस्ताएका भरिया र बारीका डल्ला फुटाइरहेका खेतालाहरु सम्म सबैलाई उनीहरु लोग्ने स्वास्नी भएको खबर सुनाउदै हिडे बिरेन्द्र । सबै गाउँले चकित भएर मुख बाइ रहे भने रमेसको आमा त झन्डै बेहोस भाकी थिइन। खै के खै के भन्दै भित्र्याइन आफ्नो घरमा सरितालाई बुहारी मानेर । रमेसको घरमा निकै बेर मान्छेको भिड भाड भयो। कसैलाई बोल्ने फुर्सद थिएन ।

कोठामा सुत्न जाने बेलामा ए बाबु तेरो त्यो चिट्ठा बाट खबर आको थ्यो है भनिन आमाले। म भोली जान्छु आमा, सुत्नु अहिले भनेर ढोका ढप्कायो उसले ।


भोली पल्ट सरिता त चाडै उठेर सासुलाई भान्चामा सघाउन गई । रमेस ढिलो उठेर चिया पनि नखाइल आमा म टिभी लिन गए है भनेर हिड्यो । सरिताले सासुलाई हैन आमा के नयाँ टिभी किन्न गाको उ भनेर सोधी । उनले हैन त्यही चिट्ठामा परेको टिभी लिन आउनु है भनेर खबर आको थियो त्यै लिन गाको होला नी भनिन् । हैन के भन्छिन यि बुढिया उ अलि अलमल्ल परी। के टिभी चिट्ठा पनि परेको थियो र आमा भनेर सोधी । हो नि त ल यत्रो गाउँ भरी हल्ला भै सक्यो तिमीले थाहा पाइनौ र ? उनको यो अन्तिम बाक्यले सरिताको टाउको रिङ्गायो । अब उसले मुख नखोली धरै पाइन हैन आमा उसलाई त डि भि परेको हैन र ? उसको कुरा नबुझेर उनले भनिनके हो त्यो डि भि भनेको ?

पहिलो पुरस्कार नै टिभी हो क्यारे । उनले यती भन्दा नभन्दै सरिता रिङटा लागेर भुइँमा ढलि सकेको थिई। बिउझदा रमेस र सासु दुबै उसका अगाडि थिए। यसो टाउको उठाएर हेरी। एउटा नयाँ टिभीको बक्सा खाट माथी थियो। उ एकोहोरो त्यो टिभी हेर्दै भित्र भित्रै कोक्किई तर बाहिर फिस्स हासी। रमेसले सोच्यो उ टिभी देखेर खुशी भई। उ पनि हास्यो र भन्यो ल जाऊँ हिड यो टिभी देखाउन तिमी र म तिम्रो माइती ।

उसले झ्वाट्ट माइती सम्झी । रमेसलाई अमेरिकाको डि भी चिट्ठा पर्यो भनेर यो सबै तिकडम गरेर हुरी जस्तै लोग्ने स्वास्नीमा दर्ता गराएको र गाउभरी ढोल फिजाएको दृष्य झलझली आयो आँखामा । फेरि दाजुलाई सम्झी । लाटो खान्छ एक बल्ड्याङ बाठो खान्छ दस बल्ड्याङ भन्ने उखान याद आयो । तर जब केहि महिना अघिको आइ लभ यु कान्ड सम्झी मनमा एउटा सन्त्रास छायो । अब रमेसलाई मार्छन भनेर चिसो पस्यो उसको मनमा । रमेसको माया लाग्यो। उसले भनी माइती होइन हिड हामी काठमाडौं जाऊँ। आफ्नो मितेनीले तेरो बुढालाई देखाउन लेराइज है भनेकी छ आजै अहिले जाऊँ भनेर जिद्दी गरी । रमेस पनि सरिता आत्तिएको देखेर अलमल्ल पर्यो र डरायो पनि। तर उसलाई जसो तसो मनाएर उनीहरु त्यही दिन काठमाडौं हानिए ।

बाटोमा डि भी चिट्ठाको बारेमा कुरा निकाले पनि रमेसलाई खास कुरो भनिन सरिताले । रमेसले आफुले पनि बर्षै पिच्छे डि भी भरेको तर आफुलाई कहिले नपरेको गुनासो गर्यो । तिमीलाई डि भि नपरे नि बिबी चिट्ठा पर्यो भन्दै सबै कुरो बताई सरिताले। उसले जिब्रो काट्यो र मरी मरी हास्यो । त्यही त म चकित थिएँ । मलाई त कतै तिमीले कसैको पेट बोकी छ्यौ र मलाई फसाउन लाएकि भन्ने पनि लाग्यो तर ठिकै छ आफुलाई मन परेको मान्छे नै हो भनेर आँखा चिम्लिएर सहिछाप ठोके । मलाई त के खोज्छस कानो आँखो भै गो उसको कुरा सुनेर सरिताले नाकको फोरा फुराउदै ए मलाई त्यस्तो सोच्ने पापी भन्दै मुक्का हान्न थाली । तर तुरुन्तै दुबैको छाती भोली आउने तुफान सम्झेर ढक्क फुल्यो । त्यसपछि सरिताको माइती सँग दस बर्ष पछि साँच्चै न उनीहरुलाई डि भी परे पछि मात्र आवतजावत भयो ।

सरिताको कथा सकिदा बेलुकीको ११ बजि सकेको थियो । म रमेसलाई श्रीमती चिट्ठा परेको सम्झदै आफ्नो घरतिर लागे । -फ्लोरिडा




## भैरव पुरस्कार व्यङ्ग्यकार लुइँटेललाई

काठमाडौं । नेपाली साहित्यका विराट प्रतिभा भैरव अर्यालको स्मृतिमा स्थापित पुरस्कार प्राप्तकर्ताहरूको नाम भैरव पुरस्कार गुठीले सार्वजनिक गरेको छ ।

जसअनुसार २०७८ सालको भैरव पुरस्कार व्यङ्ग्यकार नरनाथ लुइँटेललाई प्रदान गरिने भएको छ । यो पुरस्कारको राशि १ लाख ११ हजार १ सय ११ रुपैया रहेको छ ।

पहिलो पटक यसै वर्षबाट घोषणा गरिएको भैरव वाङ्मय पुरस्कार संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगलाई प्रदान गरिने गुठीले जनाएको छ । १ लाख १ हजार १ सय ११ रुपैयाँ राशीको यो पुरस्कार नेपाली कला, साहित्य, संस्कृति, सङ्गीत, पत्रकारिता लगायतको क्षेत्रमा विशिष्ट योगदान दिने जो कोहीलाई अब बर्सेनि प्रदान गरिने गुठीका अध्यक्ष रोचक घिमिरेले बताए ।

त्यस्तै ५५ हजार ५ सय ५५ रुपैयाँ राशीको भैरव प्रतिभा पुरस्कार साहित्यकार विमल भौकाजीलाई प्रदान गरिने भएको छ ।

पुरस्कार प्राप्तकर्ताहरूको नाम छनौट गर्न गुठीले व्यङ्ग्यकार लक्ष्मण गाम्नागेको संयोजकत्वमा साहित्यकार श्रीओम श्रेष्ठ रोदन र युवराज मैनाली सदस्य रहेको समिति बनाएको थियो ।

कोभिड-१९ को कहर कम हुनेबित्तिकै औपचारिक कार्यक्रम गरी यी पुरस्कारहरू प्रदान गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिए ।

## काभ्रेका पाँच हजार भूकम्पपीडितलाई लाभग्राही सूचीबाट हटाइयो

काभ्रेपलाञ्चोक। जिल्लाका पाँच हजारभन्दा बढी भूकम्पपीडितको नाम लाभग्राही सूचीबाट हटाइएको छ । निजी आवास पुनःनिर्माणका लागि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणमा सूचीकृत भई स्थानीय निकायसँग सम्झौता नगरी आवास नबनाउनेको नाम लाभग्राहीको सूचीबाट हटाइएको हो । तत्कालीन प्राधिकरणले २०७२ सालको गोर्खा भूकम्पले निजी आवासमा क्षति पुर्‍याइ पुनःनिर्माणार्थ सूचीकृत गरेको तर पटक-पटक गरी २०७८ कात्तिक मसान्तससम्म म्याद थप्दा सम्झौता गर्न नआएकाको नाम लाभग्राही सूचीबाट हटाउने निर्णय गरेको थियो । सोही अनुसार काभ्रेपलाञ्चोकका पाँच हजार ३७२ भूकम्पपीडितको नाम लाभग्राही सूचीबाट हटाइएको जिल्ला कार्यान्वयन इकाई (भवन तथा आवास) प्रमुख इञ्जिनीयर सन्तोष निरौलाले बताए । उनका अनुसार प्राधिकरणले जिल्लास्थित गतसाल पुसमा आवास पुनःनिर्माणमा

बाँकी ६ पृष्ठमा

# ल्याटीन ए.बी.एसको ब्रान्ड एम्बेसडरमा राजकुमार थापा मगर

काठमाडौं । कपन तेन्जीङ्गचोक इथीत छोटो समयमै आफ्नो ग्राहकहरुलाई दुई पाङ्गे सवारीको मर्मतको सेवा सुविधा दिदै आएको ल्याटीन ए.बी.एस को ब्रान्ड एम्बेसडरमा चर्चित युटुब भलगर राजकुमार थापा मगर नियुक्त भएका छन् ।


मङ्गलबार राजधानीमा आयोजित कार्यक्रममा ल्याटीन ए.बी.एसका संस्थापक तथा प्रवन्धक विकल्प चौलागाई र राजकुमार थापाबीच सम्झौता पत्रमा हस्ताक्षर भएको ल्याटीन ए.बी.एसद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

थापाले विभिन्न सञ्चार माध्यमबाट ल्याटीन ए.बी.एस को प्रचार प्रसार गर्ने भएका छन् । पब्लिक फिगर बनेपछि कुनै पनि उत्पादन वा कम्पनीको विश्वसनीयता र उद्देश्य थाहा पाउन जरुरी रहेको थापाले बताए । ल्याटीन सँगको आफ्नो आबद्धताको बारेमा बोल्दै विज्ञप्तिमा उहाँलाई उद्धधृत गर्दै भनिएको छ, म कम्पनीको राम्रो नियम र विश्वसनीयताका कारण ब्रान्ड एम्बेसरको रुपमा आवद्ध भएको छु भन्दै उनले कार्यक्रमम बताएका थिए ।




# यामाहा नेपालको आकर्षक वार्षिक मर्मतसम्भार योजना

यामाहा नेपालले आफ्ना ग्राहकहरूलाई निरन्तर सर्भिसको लागत घटाउने र सुलभ शुल्कमा सर्भिस दिने अवधारणासहित वार्षिक मर्मतसम्भार योजना ल्याएको छ । योजना खरिदपछि ग्राहकले ४ वटा सर्भिस, स्पेयर पार्टसमा १० प्रतिशत




छुट, यामाहा ल्युबमा ७ प्रतिशत छुट, बै प्रकारका लेबर चार्जमा ५० प्रतिशत छुट, इन्जेक्टर क्लिनिङमा ५० प्रतिशत छुट (वार्षिक २ पटक), ३ वटा वासिङ कुपन पाउने छन् । यामाहाको ग्राहकलाई यस्तो सुविधा नेपालभर छ । योजना जुन डिलरसिपबाट खरिद गर्ने हो, त्यही सर्भिस सेन्टरको कुपनसहित सर्भिस गर्न मिल्ने कम्पनीले जनाएको छ । ग्राहकलाई यस्तो किसिमको सुविधा आगामी दिनहरूमा पनि प्रदान गर्ने प्रतिवद्धता कम्पनीले जनाएको छ ।

# ६ महिनामा चीनबाट मात्रै २३ अर्बको लगानी प्रतिवद्धता

काठमाडौं । मुलुकमा लगानीको वातावरण सुधारका खासै प्रयास नभए पनि प्रत्यक्ष विदेशी लगानीको प्रतिवद्धतामा भने वृद्धि भएको छ ।

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा चीनबाट ठूलो मात्रामा प्रत्यक्ष विदेशी लगानीको प्रतिवद्धतामा आएसँगै यसमा सुधार देखिएको हो ।

विदेशी लगानी स्वीकृत गर्ने निकाय उद्योग विभागको चालु आर्थिक वर्षका तथ्यांकअनुसार ३० प्रतिशतले प्रत्यक्ष विदेशी लगानीको प्रतिवद्धतामा वृद्धि भएको छ ।

तथ्यांक अनुसार साउनदेखि पुससम्ममा ३० अर्ब ५६ करोड २२ लाख रुपैयाँ बराबरको लगानीको प्रतिवद्धता आएको छ । यो गत वर्षको सोही अवधिको तुलनामा ३० प्रतिशतले धेरै हो ।

गत वर्ष २३ अर्ब ४७ करोड ४८ लाख रुपैयाँ बराबरको लगानीको प्रतिवद्धता आएको थियो ।

यस अवधिमा विदेशी लगानी ल्याउनका लागि विशेष काम नभए पनि नियमित प्रयासका कारण लगानीको प्रतिवद्धता बढेको उद्योग विभाग महानिर्देशक रामचन्द्र तिवारीले बताए ।

'अहिले विदेशी लगानीको लागि नै भनेर केही विशेष काम भएको छैन,' तिवारीले भने, 'पहिलदेखि नै हामीले नीतिगत सुधार र सहजीकरणक काम गरिरहेका छौं । यसै कारणले लगानी बढ्दै गएको हो ।'

चालु आर्थिक वर्षमा ३० अर्ब लगानीको लागि १२९ वटा परियोजना सञ्चालन गर्ने प्रतिवद्धता आएको छ । उक्त परियोजनामा ८ हजारभन्दा धेरैले रोजगारी पाउने उल्लेख छ । यसअवधिमा प्रमुख १५ देशले नेपालमा लगानीको गर्ने भनेर परियोजना दर्ता गरेका छन् । जसमध्ये सबैभन्दा धेरै चीनबाट आएको छ ।

६ महिनामा नेपालमा आएको कुल लगानीको प्रतिवद्धतामध्ये चीनबाट मात्रै ७६.८६ प्रतिशत आएको छ । चीनबाट (ताइवानसहित) यस अवधिमा २३ अर्ब ४९ करोड १० लाख रुपैयाँ बराबरको लगानीको प्रतिवद्धता आएको छ ।

गत वर्ष भने यस अवधिमा चीनबाट १८ अर्ब ११ करोड ७२ लाख रुपैयाँ प्रतिवद्धता आएको थियो ।

चीनबाट मुख्यगरी सेवा क्षेत्रका परियोजनामा धेरै लगानी आएको छ । सेवा क्षेत्रमा ३८ वटा परियोजनाको लागि ११ अर्ब ३१ करोड २५ लाख रुपैयाँको लगानी प्रतिवद्धता आएको छ । त्यसपछि पर्यटन क्षेत्रमा ४८ वटा परियोजनाको लागि ९ अर्ब २० करोड ५५ लाख, उत्पादनमूलक उद्योगमा २ अर्बको लगानी प्रतिवद्धता आएको छ ।

चीनपछि नेपालमा लगानीको धेरै प्रतिवद्धता आउने देशमा स्पेन रहेको छ । स्पेनले एउटा परियोजनाको लागि ४ अर्ब ८५ करोड रुपैयाँ बराबरको लगानी गर्ने प्रतिवद्धता जनाएको छ ।

धेरै लगानीको प्रतिवद्धता आउने भारतबाट भने यसपाली खासै आएको छैन । भारतबाट ६ महिनाको अवधिमा २९ करोड रुपैयाँको मात्र लगानी प्रतिवद्धता आएको छ ।

पछिल्लो ६ महिनामा आएको ३० अर्ब रुपैयाँभन्दा धेरैको लगानीको प्रतिवद्धता मुलुकका १२ वटा जिल्लामा विभिन्न परियोजना संचालन गर्ने उल्लेख छ ।

जसमध्ये सबैभन्दा धेरै काठमाडौंमा ७५ वटा परियोजनामा १६ अर्ब ५४ करोड रुपैयाँ लगानी गरेर ४ हजार ५ सय जनालाई रोजगारी दिने प्रतिवद्धता छ ।

त्यस्तै, ललितपुरमा ६ अर्ब ४५ करोडका ९ परियोजना, भक्तपुरमा ४ अर्ब ७१ करोडका २९ परियोजना, बारामा एक वर्षको एक परियोजनामा लगानी गर्ने प्रतिवद्धता रहेको छ ।

त्यस्तै, बर्दिया, धादिङ, कास्की, काभ्रे, मुगु, म्याग्दी, पर्सा र रोल्पा जिल्लामा पनि उक्त लगानी गर्ने प्रतिवद्धतामा उल्लेख छ ।

# मोरङ व्यापार संघको अध्यक्षमा रिजाल

विराटनगर । मोरङ व्यापार संघमा नवीन रिजालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । २४ सदस्यीय कार्यसमतिको वरिष्ठ उपाध्यक्षमा अनुपम राठी, वाणिज्यतर्फको उपाध्यक्षमा अनिलकुमार साह, उद्योगतर्फको उपाध्यक्षमा विकासकुमार वेगवानी, महासचिवमा अनिल सारडा, सचिवमा संजय श्रेष्ठ र कोषाध्यक्षमा राजेश अग्रवाल चयन भएका छन् । यस्तै कार्यसमिति सदस्यहरूमा अमित सारडा, विनित सिंघानिया, मनिष मारु, श्याम राठी, सुशील सुराना, आशिष जाजु छन् । यस्तै दिपेश सुवेदी, देवाशिष गोल्छा, पवन राठी, चन्द्र भट्टराई, अमित राठी, विवेश अग्रवाल, अरविन्द्र अग्रवाल, गोपाल अग्रवाल, बन्दना जैन र ओमप्रकाश शर्मा कार्यसमिति सदस्यमा चयन भए ।

विवाहलगायत अन्य भोजभतेरमा
फजुल खर्च नगरौं,
सभ्य र जिम्मेवार नागरिकको
परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नयाँ वर्षदेखि भारततमा कार र बाईकको मुल्य वृद्धि

भारतमा सन २०२२ को सुरुवातवाटै सवारी साधनको मुल्य वढ्ने भएको छ । प्रायः कार तथा बाइक निर्माण कम्पनीले आफ्नो उत्पादनको मूल्य बढाउने घोषणा गरेका छन् ।

मारुती सुजुकीले उत्पादन लागत बढेसँगै कम्पनीद्वारा उत्पादित गाडीको मूल्य बढाउनुपर्ने कारण देखाएको छ भने भारतको सबैभन्दा ठूलो दुई-पाङ्गे सवारी निर्माण कम्पनी हिरो मोटोकर्पले बाइक तथा स्कुटरको मोडलको मूल्य बढाउँदैछ । कम्पनीले कच्चा सामग्रीको मूल्यदर लगातार बढेको उल्लेख गर्दै बाइक र स्कुटरको मूल्य परिमार्जन गर्नुपरेको बताएको छ ।

टाटा मोटर्सले विद्युतीय गाडीहरूको मूल्य बढाउने जनाएको छ भने डुकाटी इन्डियाले जनवरी १ तारिखदेखि लागु हुनेगरी आफ्नो सम्पूर्ण मोडल तथा भेरियन्टको मूल्य बढाउँदै छ । लक्जरी कार निर्माण कम्पनी औडी इन्डियाले हरेक मोडलको मूल्यमा ३ प्रतिसतले मूल्य बढाउने बताएको छ । टोयोटाले कच्चा सामग्रीको मूल्य वृद्धिसँगै गाडी निर्माण लागत बढेको र यसै कारण उत्पादनको मूल्य बढाउने उल्लेख गरेको छ ।

कवासाकीले पनि आफ्नो मोडलहरूको मूल्य बढाउँदैछ। कम्पनीले गत अगस्टमा आफ्नो केही मोडलका बाइकहरूमा मूल्य वृद्धि गरेको थियो। यस पटक भने कम्पनीले सम्पूर्ण मोडलमा मूल्य वृद्धि गर्दैछ ।

सिट्रोन इन्डिया, स्कोडा र फक्सवागन कम्पनीले पनि गाडीको मूल्य बढाउने छन्। भारतमा गाडीको मूल्य बढेसँगै नेपाली बजारमा पनि त्यसको प्रतक्ष असर देखिनेछ। किनकि नेपालमा प्रायः ब्रान्डले भारतमा निर्मित र उत्पादित गाडी नेपाली बजार भित्र्याइरहेका छन् ।



जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस